२०६७, जेठ - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १९, अङ्क ३ | २०६७, जेठ १ – १५ | पूर्णाङ्क ४२९



प्रकाशक

# सर्वोच्च अदालत

## रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (बिक्री) फ्याक्स: ४२६२८७८, पो.व.नं. २०४३८
**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु.श्री कृष्णवहादुर गुरुङ
ना.सु.श्री सम्झना सिम्खडा पुडासैनी
डि. श्री सरस्वती खड्का
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ

**२०६७ वैशाख १६ देखि ३१ सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ५ |
| पूर्ण इजलास | १० |
| संयुक्त इजलास | २४ |
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | ३० |
| इजलास नं. ५ | ६ |
| इजलास न.. ६ | १४ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ९ |

| | |
|---|---|
| इजलास नं. ९ | ९ |
| इजलास नं १० | २६ |
| एकल इजलास | ६ |
| **जम्मा** | **१५४** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

**२०६७ साल जेठ १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण**

| क्र.सं | बिषयगत मुद्दा | | लगत | | | फछ्र्यौट संख्या | बांकी |
|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५२ | १००२ | ४६५४ | १६३३ | ३०२१ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ७०१ | ३०६९ | ९७० | २०९९ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | २३ | ९० | ६९ | २१ |
| 4= | | फौजदारी पूर्ण इजलास | ३६ | ९ | ४५ | ४० | ५ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ६० | ६३ | ५५ | ८ |
| 6= | | साधारण रिट | २६०१ | ११५८ | ३७५९ | १२५० | २५०९ |
| 7= | | पूर्ण रिट | १० | १२ | २२ | ९ | १३ |
| 8= | | विशेष रिट | ६४ | ५१ | ११५ | ७० | ४५ |
| 9= | साधक | साधक | ८७ | ७९ | १६६ | ८५ | ८१ |
| 10= | दोहोर्‍याई पाऊँ | दोहोर्‍याई पाऊँ देवानी | १०९४ | ७५५ | १८४९ | ११२३ | ७२६ |
| 11= | | दोहोर्‍याई पाऊँ फौजदारी | ३६४ | २८८ | ६५२ | ४१० | २४२ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ३२७ | ४११ | ७३८ | २१६ | ५२२ |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | ५५ | १६० | ४३ | ११७ |
| 14= | विविध | विविध | ७२ | २० | ९२ | ३१ | ६१ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | २९५ | ३०५ | १९६ | १०९ |
| 16= | | प्रतिवेदन | १४ | १५४ | १६८ | १०० | ६८ |
| | | जम्मा | १०८७४ | ५०७३ | १५९४७ | ६३०० | ९६४७ |

**२०६७ साल जेठ १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण**

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | ११ | (ङ) आदेश संख्या | ३०३ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १८५२ | (च) फछ्र्योट संख्या | ३१७ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ५३३ | (छ) हेर्न नभ्याएका | ५७३ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ११३ | (ज) नि.सु. संख्या | १३ |

समूहकृत (अभियान) मुद्दाहरूको २०६७ जेठ १५ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहेर्दै | नि.सु. | मेलमिलापमा गएको | वाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६५ | १९३ | ३ | १९६ | १३५ | ५ | | १६९ |
| देवानी | ११८३ | ९४८ | २३ | ९७१ | १ | ६ | ३४ | २१२ |
| रिट/वाणिज्य | ३३६ | २९१ | ६ | ९९७ | १ | | | ३९ |

---

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६७, जेठ - १, पूर्णाङ्क ४२९, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हा**

**www**

- यो वेभसाइट खो
  त्यसको तल **सर्व**
- २०६६ साल वैशा
  पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

ठेगाना

**www.lawcommission .gov.np**

मूल्य
रु.१५।-

मुद्रकः
सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची

| क्र. सं | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | १-३ |
| 1= | उत्प्रेषण समेत | अच्यूतप्रसाद खरेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| 2= | उत्प्रेषण समेत | अच्यूतप्रसाद खरेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| 3= | उत्प्रेषण परमादेश | ब्रोडकाष्टिङ एशोसिएशन अफ नेपाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय समेत | |
| 4= | उत्प्रेषण परमादेश | कृष्ण मानन्धर वि. संविधानसभा व्यवस्थापिका संसद समेत | |
| **पूर्ण इजलास** | | | ३-६ |
| 5= | लिखत दर्ता बदर दर्ता | डा.अशोक शमशेर ज.व.रा. वि. सावित्रीदेवी सापकोटा समेत | |
| 6= | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवकुमार यादव समेत | |
| 7= | लिखत बदर | भोला श्रेष्ठ समेत वि.विष्णुलाल प्रधान समेत | |
| 8= | कर्तव्य ज्यान | सामान्त वज्राचार्य वि. नेपाल सरकार | |
| 9= | उत्प्रेषण | गणेश पञ्जियार वि. न्याय परिषद समेत | |
| **संयुक्त इजलास** | | | ६-१० |
| 10= | भ्रष्टाचार | प्रदीप अधिकारी वि. नेपाल सरकार | |
| 11= | उत्प्रेषण परमादेश | रामनाथ सहनी वि. भूमिसुधार कार्यालय रौतहट समेत | |
| 12= | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमुर्की शेर्पा | |
| 13= | भ्रष्टाचार | शारदा भण्डारी वि.नेपाल सरकार | |
| 14= | भ्रष्टाचार | वेदराज गौतम वि. नेपाल सरकार समेत | |
| 15= | भ्रष्टाचार | ताराप्रसाद श्रेष्ठ वि. नेपाल सरकार समेत | |
| 16= | भ्रष्टाचार | सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत | |
| 17= | उत्प्रेषण समेत | ताराबहादुर थापा वि. मालपोत कार्यालय नुवाकोट समेत | |
| 18= | डाँका | नेपाल सरकार वि. सनम भन्ने पुष्पराज राई समेत | |
| 19= | चोरी | नेपाल सरकार वि. गणेशबहादुर कार्की समेत | |
| 20= | परमादेश समेत | जेष्ठ नागरिक समाज के.का. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | |
| 21= | उत्प्रेषण | विष्णुप्रसाद अर्याल वि.नेपाल सरकार समेत | |
| 22= | उत्प्रेषण परमादेश | किरण मानन्धर समेत वि. मन्त्रिपरिषदको कार्यालय समेत | |
| **इजलास नं. १** | | | १०–१२ |
| 23= | जग्गा खिचोला | श्रीरामप्रसाद यादव वि. सुरेन्द्रप्रसाद यादव समेत | |
| 24= | मोही कायम | गिरीजा शर्मा वि. सन्दिप थापा समेत | |
| 25= | मोही हक नामसारी | हरिलाल श्रेष्ठ समेत वि.विष्णुप्रसाद उप्रेती समेत | |
| 26= | कर्तव्य ज्यान | सूर्यबहादुर विश्वकर्मा वि. नेपाल सरकार | |
| 27= | अंश चलन समेत | सुनील प्रजापति वि. सूर्यमाया प्रजापति समेत | |
| 28= | अवण्डा जग्गा बण्डा | सुरेन्द्र साह समेत वि. लक्ष्मी साह तेली | |
| 29= | निर्णय दर्ता बदर | प्राणमाया मुनिकार समेत वि. भवानीराज पाण्डे समेत | |

| | | |
|---|---|---|
| | गुठी | |
| 30= | पर्खाल भत्काई पाऊँ | भारती ढुंगाना अर्याल वि. पार्वती महर्जन |
| **इजलास नं. २** | | **१२–१९** |
| 31= | उत्प्रेषण | नारायणप्रसाद भट्टराई वि. काठमाडौं फाइनान्स लि. समेत |
| 32= | उत्प्रेषण समेत | जगनारायण महतो वि. पुनरावेदन अदालत विराटनगर समेत |
| 33= | उत्प्रेषण परमादेश | गोपालप्रसाद पराजुली वि.नापी विभाग समेत |
| 34= | मोही कट्टा | गमन थारु वि. कमला दुगड |
| 35= | अदालतको अपहेलना | साकेलादी भूमिदेव पूजास्थल पुनर्स्थापना संघर्ष समिति समेत वि. धरान नगरपालिकाको कार्यालय समेत |
| 36= | निषेधाज्ञा | हस्तलाल लिम्बू समेत वि. नरबहादुर श्रेष्ठ समेत |
| 37= | बण्डा चलन पूर्जी बदर | महेश शर्मा भन्ने महेश्वर शर्मा वि. पानोदेवी ठाकुर लोहार समेत |
| 38= | शेषपछिको लिखत बदर | चन्द्रशेखर न्यौपाने समेत वि. धनकुमारी न्यौपाने |
| 39= | उत्प्रेषण | जिन्दल स्टील एण्ड पावर लि. वि. मन्त्रिपरिषद्को कार्यालय समेत |
| 40= | निषेधाज्ञा | जागीरमाया राई समेत वि. जिल्ला प्रहरी का. सुनसरी समेत |
| 41= | निषेधाज्ञा | राजकुमार साह वि. विणादेवी समेत |
| 42= | निषेधाज्ञा | कृष्णहरि श्रेष्ठ समेत वि. विष्णुप्रसाद अधिकारी समेत |
| 43= | उत्प्रेषण | प्राथमिक विद्यालय खजनपुर पिप्राका विद्यालय समेत वि. प्राथमिक वि. खजनपुरका समेत |
| 44= | उत्प्रेषण परमादेश | अजवुद्दिन वागवान वि. मध्यपश्चिम क्षे. प्रहरी केन्द्र समेत |
| 45= | मोटर वीमा दावी | एलायन्स इन्सुरेन्स कम्पनी लि. वि. उद्धवप्रसाद शिवाकोटी |
| 46= | उत्प्रेषण | रामेश्वर दास मिश्र वि. मालपोत कार्यालय काठमाडौं समेत |
| 47= | उत्प्रेषण परमादेश | ध्रुवराज भट्टराई समेत वि. भूमिसुधार मन्त्रालय समेत |
| 48= | उत्प्रेषण परमादेश | ग्राण्ड होटल प्रा.लि. वि. होमबहादुर खड्का समेत |
| 49= | उत्प्रेषण समेत | गणेशबहादुर वि.क. वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत |
| 50= | घर भाडा | लालबहादुर विश्वकर्मा वि. निलकुमारी उपाध्याय भट्टराई |
| 51= | उत्प्रेषण परमादेश | लक्ष्मी वज्राचार्य वि. भूमिसुधार कार्यालय ललितपुर समेत |
| **इजलास नं. ५** | | **१९–२०** |
| 52= | उत्प्रेषण परमादेश | अति उल्लाह मिया अन्सारी वि.वारा जिल्ला अदालत समेत |
| 53= | जबरजस्ती करणी | नेपाल सरकार वि. सुरेश परियार |
| 54= | जबरजस्ती करणी | राजेन्द्र महतो कोइरी वि. नेपाल सरकार |
| 55= | उत्प्रेषण परमादेश | दीपक राई वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय वागमती अञ्चल समेत |
| 56= | अंश दर्ता | शिवनाथ साह कानू वि. विश्वनाथ साह कानू |
| 57= | परमादेश | रजाक मियाँ वि.सुनसरी जिल्ला अदालत समेत |
| **इजलास नं. ६** | | **२०–२३** |
| 58= | कर्तव्य ज्यान | नेपाल सरकार वि. मानबहादुर डाँगी |

| | | |
|---|---|---|
| 59= | कर्तव्य ज्यान | नेपाल सरकार वि. खुशीराम थारु |
| 60= | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रवणकुमार चौधरी |
| 61= | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवी गिरी |
| 62= | कर्तव्य ज्यान | नेपाल सरकार वि. मोते सुनार |
| 63= | अंश दपोट | मोहम्मद जमिल खाँ वि. दिव्यरत्न वज्राचार्य |
| 64= | अपुताली हक कायम | खड्गबहादुर सारु मगर वि. जीवलाल सारु मगर समेत |
| 65= | कर्तव्य ज्यान | नेपाल सरकार वि. खेमबहादुर पुन समेत |
| 66= | उत्प्रेषण परमादेश | किसुन चौधरी वि. मन्त्रिपरिषद्को कार्यालय समेत |
| 67= | लागू औषध | नेपाल सरकार वि. राज महर्जन |
| 68= | कर्तव्य ज्यान | अर्जुनकुमार भट्टराई वि. नेपाल सरकार |
| 69= | लागू औषध | श्याम वर्णवाल वि. नेपाल सरकार |
| 70= | उत्प्रेषण समेत | होटल एभरेष्ट इन्टरनेशनल लि. वि. श्रम अदालत समेत |
| **इजलास नं. ७** | | **२३–२४** |
| 71= | निर्णय दर्ता बदर समेत | जीतबहादुर श्रेष्ठ वि. चैनभक्त जोशी |
| 72= | क्षतिपूर्ति | वैकुण्ठ दाहाल वि. जयनारायण नेपाल समेत |
| 73= | अंश दर्ता | जमुनीदेवी नायक समेत वि. रामचन्द्र नायक |
| **इजलास नं. ८** | | **२४–२६** |
| 74= | उत्प्रेषण समेत | राजु शाही वि. दिवाकर शाही समेत |
| 75= | उत्प्रेषण परमादेश | सम्राट तुम्वाहाङ्फे वि. मकवानपुर जिल्ला अदालत समेत |
| 76= | जालसाजी | देवकला खरेल वि. कुमकुमारी खरेल समेत |
| 77= | बकसपत्र लिखत | वालकुमारी अहिर समेत वि. सरिताकुमारी अहिरनी समेत |
| **इजलास नं. ९** | | **२६–२७** |
| 78= | दर्ता बदर खिचोला | नक्कली महर्जन वि.पदम केशरी श्रेष्ठ समेत |
| 79= | हक कायम समेत | ज्ञानमति अहिरनी वि. मैनादेवी यादव समेत |
| 80= | अपुताली | मैनादेवी यादव समेत वि. सर्वती यादव |
| **इजलास नं. १०** | | **२७–३३** |
| 81= | खिचोला हक कायम | कविप्रसाद तिमिल्सीना वि. रामकृष्ण लामिछाने समेत |
| 82= | हातहतियार खरखजाना | वीरबहादुर चन्द वि. नेपाल सरकार |
| 83= | मोही प्रमाणपत्र | गोपालभक्त माथेमा वि. रामपुजन यादव |
| 84= | कुत मोही | मोहन मुखिया विन वि. अमरकुमार कलवार |
| 85= | मोही लगत कट्टा | कैलासप्रसाद शाह वि. प्रदीप सुडी |
| 86= | पदाधिकार समाप्त | रामआशिष महतो वि. जिल्ला शिक्षा कार्यालय धनकुटा समेत |
| 87= | उत्प्रेषण परमादेश | शान्ति प्रधान वि.भूमिसुधार कार्यालय काठमाडौं समेत |
| 88= | उत्प्रेषण समेत | महेन्द्रप्रसाद पराजुली वि. मन्त्रिपरिषद सचिवालय समेत |
| 89= | उत्प्रेषण | महाशक्ति सोप एण्ड केमिकल इण्डट्रीज (प्रा.) लि. वि. मूल्य अभिवृद्धि कर कार्यालय समेत |
| 90= | उत्प्रेषण परमादेश | कृष्णबहादुर थापा वि. मन्त्रिपरिषदको कार्यालय समेत |

| | | |
|---|---|---|
| 91= | उत्प्रेषणयुक्त परमादेश, | उत्तम हमाल समेत वि. मन्त्रिपरिषद्को सचिवालय समेत |
| 92= | जालसाजी | उत्तम गौचन समेत वि. हीरा गौचन |
| 93= | दर्ता बदर | पार्वतीदेवी श्रेष्ठ वि. चिन्तामणि पराजुली समेत |
| 94= | दाइजो फिर्ता गरिपाऊँ | सरोजा दाहाल वि. मणिराम ढकाल |
| 95= | उत्प्रेषण परमादेश | छत्रमान श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण के.का. समेत |

'

| | | |
|---|---|---|
| 96= | अंश | असगर खाँ समेत वि.जिलेदार खाँ को मु.स.गर्ने शेर महमद खाँ |
| 97= | उत्प्रेषण परमादेश | दुखनीवती देवी वि. पुनरावेदन अदालत राजविराज समेत |
| 98= | भ्रष्टाचार | धनप्रसाद श्रेष्ठ वि. नेपाल सरकार समेत |
| 99= | परमादेश निषेधाज्ञा | आशादेवी चौधरी वि.भूदेब चौधरी समेत |
| 100= | निर्णय बदर दर्ता गरिपाऊँ | पूर्णकुमारी वराल क्षेत्री वि. मन्त्रिपरिषद् सचिवालय समेत |
| 101= | लेनदेन | साहेव जान मिया वि.हृदयनारायण प्रसाद साह सोनार |
| 102= | लेनदेन | राजेशकुमार देवे वि.मोहनप्रसाद थारु |
| **एकल इजलास** | | **३३–३४** |
| 103= | उत्प्रेषण परमादेश | वासुदेव वाग्ले वि.गुठी संस्थान के.का. समेत |
| 104= | उत्प्रेषण समेत | मानबहादुर खड्गी वि. मन्त्रिपरिषद्को कार्यालय समेत |
| 105= | उत्प्रेषण परमादेश | बुधराम खटिक वि. पुनरावेदन अदालत नेपालगञ्ज समेत |
| 106= | उत्प्रेषण प्रतिषेध समेत | रामनारायण सिँह वि. रामबहादुर चौधरी समेत |
| 107= | बन्दी प्रत्यक्षीकरण | रियाज खाँ वि. बेचनप्रसाद गुप्ता समेत |
| 108= | उत्प्रेषण | सुरेशबहादुर शाही वि. नेपाल नागरिक उड्ययन प्राधिकरण समेत |

## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री प्रेम शर्मा**, रि.पु.इ. नं. ०६४-WS-००१७, उत्प्रेषण समेत, *अच्यूतप्रसाद खरेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पहिलो पटक कुनै कसूर गर्ने व्यक्तिलाई कसूरको गाम्भीर्यता र मात्राअनुरूप सामान्यता केही कम सजाय निर्धारण गरिनु यसै परिधिअन्तर्गत पर्दछ । तर जब एउटै व्यक्तिले उस्तै प्रकृतिको कसूर पटक पटक दोहोऱ्याई रहन्छ तब ऊ समाजको लागि अभिशाप वन्न पुग्दछ । यस्तो स्थितिमा आफूले गरेको गलत कार्यप्रति पश्चातापको अनुभूतीकरण (Realisation) गर्दै सुधार उन्मूख हुन सक्ने तत्वहरू उसमा विकसित हुन नसक्ने निष्कर्ष निकाल्नु पर्ने र पटकअनुसार सजायको मात्रा पनि बढदै जाने ।

हरेक सार्वजनिक सेवामा खराब आचरण गर्ने कामदार वा कर्मचारीलाई त्यस्तो आचरणको प्रकृतिअनुरूप कम वा बढी विभागीय सजाय गरिन्छ । सो सामान्य सुझबुझ र समझको दायराभित्र पर्ने हुँदा प्रत्येकले मनन् गर्नुपर्ने ।

श्रम ऐनअन्तर्गतको विभागीय कारवाहीसम्बन्धी विषय प्रशासकीय प्रकृतिको भै सेवासम्बन्धी आचरण उल्लंघन गरेको अवस्थामा आकर्षित हुने व्यवस्था देखिन्छ । यो कुनै फौजदारी कानूनअन्तर्गत निषेधित कसूर गरेबापत कारवाही वा सजाय हुने प्रावधान हो भन्ने देखिँदैन । यस्तो विषयमा फौजदारी न्याय प्रशासनको क्रममा आकर्षित हुने दोहोरो खतराको सिद्धान्तको प्रसँग कुनै पनि दृष्टिकोणबाट सान्दर्भिक हुन नसक्ने ।

कुनै कानूनको असंवैधानिकताको दावी लिई यस अदालतसमक्ष प्रवेश गर्ने पक्षले आफ्नै दावी स्पष्ट रुपमा प्रमाणित गर्नसक्नु पर्दछ । त्यस्तो दावी सामान्य समझ र विवेकभन्दा बाहिर व्यक्तिगत जिज्ञासा शान्त पार्ने, बौद्धिक अभ्यास गर्ने आशयबाट अभिप्रेरित भै आत्मसन्तुष्टि तथा सस्तो प्रचारबाट अदालतलाई अनावश्यक विवादमा तान्ने खालको हुनुहुँदैन । सस्तो लोकप्रियताको लागि जस्तो पनि विषय उठाई संविधानको धरा १०७(१) क्रियाशील गराई निवेदकले व्यक्तिगत स्वार्थ सिद्ध गर्ने कुनै अभिप्राय राखेको अवस्थामा त्यस्तो आत्मसन्तुष्टिको लागि अदालतले सहयोगीको भूमिका निर्वाह गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री प्रेम शर्मा**, रिट नं. ०६४-WS-००३४, उत्प्रेषण समेत, *अच्यूतप्रसाद खरेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै पनि सेवामा रहेर गर्नुपर्ने कार्यसँग सम्बन्ध नै नराख्ने विषयलाई सेवाको शर्त बनाइनु न्यायिक र व्यावहारिक कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत मान्न मिल्दैन । तसर्थ हरेक सार्वजनिक सेवाका शर्तहरू परस्पर भिन्नता राख्ने हुन सक्छन् । कामको प्रकृतिअनुरूप अलग अलग सेवाका शर्तहरू माग गर्नु पनि स्वाभाविकै मान्नु पर्दछ । तर हरेक सेवाको लागि निर्धारण गरिएका सेवाका शर्तहरू त्यस्ता सेवा समूहभित्र रही सम्पादन गरिने कामसँग वस्तुनिष्ठ रुपमा सम्बन्धित देखिन पर्ने ।

सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्दछन् । युद्धको अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यलाई एउटै मापदण्ड भित्र समावेश गर्नु उचित हुन सक्दैन त्यसमा पनि एउटै कार्यसम्पादन गर्नको लागि महिला र पुरुषको लागि फरक फरक योग्यता र अयोग्यताको शर्तहरू निर्धारण गरिन्छ भनै त्यसको आधार समेत स्पष्ट र वोधगम्य हुनु अपेक्षित नै हुने ।

विवाहपश्चात् महिलाको शरीरमा आउन सक्ने जीव वैज्ञानिक परिवर्तनबाट त्यस्तो सामान्य प्रकृतिको प्यारासुट फोल्डिङको व्यवस्थापकीय कार्य गर्न नसक्ने वा सो गरेको खण्डमा स्वयं महिलाको जीउ ज्यानमा खतरा उत्पन्न हुन सक्ने भन्ने जिकीर प्रमाणित हुने वस्तुनिष्ठ आधार नदेखिँदा केवल जिकीर लिइएकै भरमा सो कुरासँग सहमत हुन नमिल्ने ।

महिला वर्गलगायतका पिछडिएका वर्गको विकास वा सशक्तीकरण गर्ने नाममा सामान्य रोजगारी प्राप्त गर्ने विषयमा नै उनीहरूमाथि अनावश्यक र अनुचित शर्त वा वन्देज लगाइन्छ भने त्यस्तो कार्यलाई उक्त संवैधानिक व्यवस्थाअनुरूप मान्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं.वि.इ.नं. २०६५-WS-००२०, उत्प्रेषण परमादेश, *ब्रोडकाष्टिङ एशोसिएशन अफ नेपाल र रेम्वो एफ.एम. (प्रा.) लि. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय समेत*

साविक नियमावलीद्वारा सवै प्रसारण संस्थाहरूका लागि तोकिएको वार्षिक शुल्क र नवीकरण दस्तूरमा हाल संशोधित नियमावलीको व्यवस्थाले मुनाफा आर्जन गर्ने उद्देश्यले कार्यक्रम प्रसारण गर्ने भनिएका प्रसारण संस्था वा व्यक्ति वृद्धि गरी व्ययभार थपेको भन्ने देखिन आउँदैन । प्रसारण संस्था वा व्यक्तिउपर कार्यक्रम प्रसारण गरेबापत लाग्ने वार्षिक शुल्क वा त्यस्तो संस्था नवीकरण गरेबापत लाग्ने नवीकरण दस्तूरको भार संशोधनपछि वृद्धि भएको अवस्था नदेखिँदा निवेदक संस्थामाथि पर्न जाने वार्षिक शुल्क वा नवीकरण दस्तूरको व्ययभारका दृष्टिकोण-बाट संशोधित व्यवस्थालाई असवैधानिक भनी चुनौती दिनुको औचित्य सिद्ध हुन नसक्ने ।

मुनाफा आर्जन गर्ने प्रसारण संस्थाको मुख्य उद्देश्य नै नाफा आर्जन गर्ने हुँदा आफैले प्रसारण र वितरण गरेको नाफामूलक कार्यक्रमबाट आर्जन भएको कूल वार्षिक आम्दानीको केही निश्चित हिस्सा शुल्क वा दस्तूरका रुपमा राज्यलाई तिर्नुपर्ने कुरा अपेक्षित नै हुन्छ । त्यसैगरी जुन प्रसारण संस्था नाफाको उद्देश्य नराखी सामाजिक सेवाभाव र सहकारितामा आधारित भई खडा भएका हुन्छन्, स्थानीय स्तरमा सानो क्षमतामा सञ्चालित भएका हुन्छन् तिनले प्रसारण गर्ने कार्यक्रमहरूबाट समाजिक हित प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा लिनु अस्वभाविक नहुने ।

प्रसारण संस्थाहरूले समाज वा राष्ट्रलाई पुऱ्याउने योगदान वा संस्था स्वयंलाई पुऱ्याउने योगदानको विश्लेषणको आधारमा त्यस्ता संस्थाबाट वार्षिक शुल्क वा नवीकरण दस्तूर फरक फरक असूल गर्ने नियमको व्यवस्था र त्यसको उद्देश्यबीच रहेको सम्बन्ध स्पष्ट र बोधगम्य नै देखिने ।

प्रत्यायोजनबाट नियम बनाउने भन्नुको अर्थ आफूलाई सम्बन्धित मातृऐनले प्रदान गरेको अख्तियारीको सीमा बाहिर नगई दिइएको अधिकारभित्र बस्नु भन्ने नै हो । ऐनद्वारा स्पष्टरुपमा नियन्त्रण गरेको वा रोक लगाइएको कुनै विषयमा विवादित नियमावलीले थप व्यवस्था गरी अतिरिक्त दायित्व बोकाएको वा संविधानप्रदत्त समानताको हक कुण्ठित भएको भन्ने निवेदन दावी स्थापित हुन नसक्ने ।

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १० ले नै प्रसारण संस्थाले कुनै कार्यक्रम सञ्चालन गरेबापत तोकिएबमोजिम शुल्क वा दस्तूर लगाउन सकिने व्यवस्था गरेको, तर त्यस्तो शुल्क वा दस्तूर तोक्ने कुरामा सरकारउपर कुनै बन्देज वा नियन्त्रण नराखेको अवस्थामा कार्यक्रमको प्रसारण र वितरण गरेबापत के कति शुल्क वा दस्तूर तोक्ने वा के कस्ता प्रसारण संस्थालाई वढी शुल्क लिने र के कुन प्रकृतिका संस्थालाई त्यस्तो दस्तूर शुल्क छूट

दिने वा शुल्क दस्तूर नै नलिने भन्ने विषयहरू नियम बनाउने अख्तियार सरकारमा रहेको मान्नुपर्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी., मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. २०६५-WO-००२५, उत्प्रेषण परमादेश, *कृष्ण मानन्धर वि. संविधानसभा व्यवस्थापिका संसद समेत*

कर्जा लिएको र कर्जाको सुरक्षणमा आफ्नो समेत जग्गा सुरक्षण राखेपछि ऋणी एवं ग्यारेण्टर दुवैको हैसियतबाट उन्मुक्ति पाउन नसक्ने ।

आफूलाई प्रतिकूल देखिएको वाक्यांश वा शव्दको आफूखुशी परिभाषा गरी व्यवस्था संविधानसँग वा नेपाल पक्ष राष्ट्र भएका सन्धिसँग बाझिएको भनी दावी लिनु मात्र पर्याप्त हुँदैन, कानूनी व्यवस्था के कसरी संविधान वा सन्धि प्रतिकूल भएको छ भन्ने कुराको आधार देखाई पुष्टि गर्नुपर्ने ।

करार Public Law Domain भित्र पर्दैन । करार Private Law Domain भित्र पर्ने विषय हो । करार दुई पक्षले वरावरीको हैसियतले सम्पन्न हुन्छ । राज्यले नागरिकसँग करार गर्दा पनि सामान्यतया Sovereign Authority को हैसियतले Executive Power अन्तर्गत नभई Statutory Power अन्तगृत Equal Footing को आधारमा करार गर्दछ । करार उल्लंघनको Remedy कैद हुदैन । करार उल्लंघनको Remedy करारका पक्षहरूले मञ्जूर गरेअनुरूप Restitution-inintegrum वा Compensation हो । करार कानूनमा करार पूरा नगर्दा कैद सजाय नराखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) अनुरूप विशेष इजलासले संविधानसँग बाझिएको कानून मात्र अमान्य गर्न सक्दछ । तर सन्धिसँग बाझिएको कानून अमान्य गर्न सक्तैन । बैंक तथा वित्तीय संस्था ऋण असूलीसम्बन्धी ऐन, २०५८ को दफा २५(२)(ग) को व्यवस्था करार उल्लंघन गरेबापत करार ऐनअन्तर्गत सजाय हुनै व्यवस्था नभई सक्षम अदालतको फैसलाअनुसार भराउन वा तिर्नुपर्ने रकम नतिरेबापत सजाय हुने कानूनी व्यवस्था भएको हुँदा उक्त ऐनको दफा २५(२)(ग) ICCPR को धारा ११ सँग पनि बाझिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल पुस १६ गते रोज ५ शुभम् ।

- यसै लगाउको रिट नं. २०६५-WO-०५६१, उत्प्रेषण परमादेश, *कृष्ण मानन्धर वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## पूर्ण इजलास

१

**सं.प्र.न्या.श्री अनूपराज शर्मा, मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरीशचन्द्र लाल**, दे.पु.इ.नं. ०६४-DF-००११, लिखत दर्ता बदर दर्ता, *डा. अशोक शमशेर ज.ब.रा. वि. सावित्रीदेवी सापकोटा समेत*

खारेज गर्नुपर्ने फिरादलाई हेरी औचित्यभित्र प्रवेश गरी दावी पुग्न नसक्ने निष्कर्षमा पुग्दा त्यसबाट समान परिणाम प्राप्त भएको टुंगोमा पुग्ने हो र त्यस प्रक्रियालाई स्वाभाविक रुपमा लिने हो भने कुनै अवस्थामा परिणाम फरक हुने गरी निष्कर्षमा पुग्न सक्ने संभावनालाई जन्म दिन सक्छ । न्यायिक प्रक्रियामा त्यस्तो संभावनालाई स्थान दिइनु हुँदैन, खारेज हुनुपर्ने मुद्दा खारेज नै गर्नुपर्ने ।

अ.वं. ३० नं. को प्रसंगमा न्याय प्रशासन ऐन, २०४८ को दफा १४ ले पुनरावेदन सुन्ने अदालतको अधिकारका सम्बन्धमा गरेको व्यवस्था समेतका सन्दर्भमा गरिएको विवेचनाबाट तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने समेतको अधिकार सर्वोच्च अदालतले प्रयोग गर्न पाउने भन्ने

निष्कर्षमा यो इजलास पुगेको हुँदा सोही आधारमा हदम्याद, हकदैयालगायतका प्रश्नमा यस अदालतबाटै न्याय निरुपण गर्नसक्ने भएबाट पुनः निर्णयार्थ पुनरावेदन अदालतमा पठाई मुद्दालाई लम्ब्याइरहनु न्यायोचित र औचित्यपूर्ण मान्न नसकिने ।

फिराद नै हदम्यादविहीन भै खारेज हुने अवस्थामा अ.वं. ३० को सन्दर्भ वा अन्य कुराहरू विचारणीय नै हुँदैनन्, ती विषयहरू मुद्दाको औचित्यभित्र प्रवेश गरी न्याय निरुपण गर्ने सिलसिलामा विचार गरिने हुँदा प्रस्तुत मुद्दाको ती प्रश्नहरूको सान्दर्भिकता समेत नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल माघ १४ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमो यसैअनुरूप निर्णय भएका छन्:

- फौ.पु.इ.नं. २०६४-CF-०००७, जालसाज, *डा.अशोक शम्शेर ज.व.रा. वि. रेखा घिमिरे समेत*
- दे.पु.इ.नं. २०६४-DF-००१२, लिखत दर्ता बदर दर्ता, *डा.अशोक शम्शेर ज.व.रा. वि. रेखा घिमिरे समेत*
- दे.पु.इ.नं. २०६४-DF-००१४, लिखत दर्ता बदर दर्ता, *डा.अशोक शम्शेर ज.व.रा. वि. सुशीलप्रसाद ढुंगेल समेत*

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती**, फौ.पु.इ.नं. ०६५-CF-०००६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवकुमार यादव समेत*

समान अवस्थाका व्यक्तिहरूमध्ये कुनै एकको उजूरी वा पुनरावेदन पर्नुपर्ने पूर्व शर्त कानूनले निश्चित गरेको र सोही उजूरी वा पुनरावेदनको रोहमा मात्र निजहरूको हकमा न्याय निरुपण गरिने कानूनको स्पष्ट आशय रहेको अवस्थामा वादी पक्षको पुनरावेदनबाट प्रतिवादीहरूको हकमा न्याय निरुपण गर्न नमिल्ने ।

कानूनमा उल्लेखै नभएको विषयलाई अन्यथा अर्थ लगाई संवोधन गर्न वा एक पक्षको मागबाट सो मागको ठीक उल्टो हुने गरी अर्को पक्षलाई उपचार दिन विद्यमान न्यायप्रणालीले अनुमति नदिने ।

तह तह न्याय निरुपण हुँदै आएको कुनै एक मुद्दामा अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गतबाट न्याय निरुपण गरिँदा विद्यमान कानूनी व्यवस्थालाई प्रयोजनहीन बनाउने, त्यसको दायरा अत्यन्त फराकिलो पार्ने वा त्यसमा संकुचन ल्याउने गरी व्याख्या गर्न नसकिने ।

रिट अधिकारक्षेत्रबाटै हेरे जस्तो गरी पूर्ण न्याय भन्दै पुनरावेदकीय अधिकारक्षेत्रअन्तर्गको न्यायिक परिपाटी र न्यायको निश्चित मान्यतालाई खल्बल्याउन नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम**, ०६३-DF-०००५, लिखत बदर, *भोला श्रेष्ठ समेत वि.विष्णुलाल प्रधान* समेत

अड्डा अदालतबाट नक्कल माग गर्दा त्यसमा उल्लिखित कुराहरू अन्यथा उल्लेख हुनु सम्बन्धित पक्षको दोष मान्न नसकिने ।

अंशवण्डाको महलमा सातौं संशोधन हुनुपूर्व निजी आर्जनको कानूनी अवधारणाले प्रवेश नपाएको अवस्थामा सगोलमा रहेको र मानो नछुट्टिएका जुनसुकै अंशियारले जे जुन प्रक्रियाबाट सम्पत्ति आर्जन गरे पनि त्यस्तो सम्पत्ति निजी हकभोगअन्तर्गतको भन्ने अवस्था रहन सक्ने देखिन नआएकोले प्रतिवादीको निजी आर्जनको जिकीर स्वीकारयोग्य देखिन नआउने ।

अदालतबाटै लिखतको नक्कल सारी फिराद दायर गरेकोमा हदम्यादभित्रै देखिएको भन्ने तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला स्वीकार गरिसकेको अवस्था हुँदा पुनः

हदम्यादको प्रश्न उठाउन र प्रस्तुत मुद्दाको फिराद हदम्यादविहीन रहेको भन्न नमिल्ने ।

विवादित लिखतको घर जग्गा राजीनामा पारित गरिदिन वादीको मञ्जूरीको लिखत भएको नदेखिएको अवस्थामा निजले आफ्नो हक जति फिर्ता लिन उजूर गर्न पाउने र विवादित लिखत बदर गराई आफ्नो हक जति फिर्ता लिन पाउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६६ साल पुस १६ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- ०६३-DF-०००४, घरबाट उठाई चलन चलाई पाऊँ, *भोला श्रेष्ठ समेत वि. चीजकुमार श्रेष्ठ समेत*
- ०६३-DF-०००६, हक सफा, *भोला श्रेष्ठ समेत वि. चीजकुमार श्रेष्ठ समेत*

४

**मा.न्या.श्री रणबहादुर बम, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, ०६४-CF-०३१, कर्तव्य ज्यान, *सामान्त वज्राचार्य वि. नेपाल सरकार*

बुझिएका व्यक्तिहरूले लामो समयान्तरमा अदालतमा आई बकपत्र गर्दा प्रतिवादीलाई अभियोग दावीबाट बचाउ गर्ने उद्देश्यले वयान दिँदैमा अन्य परिस्थितिजन्य प्रमाणबाट पुष्टि भैरहेको तथ्यको सम्बन्धमा अन्यथा हुने अवस्था नदेखिने ।

प्रतिवादीले आफूले प्रहार गरेको छुराको चोटपटकबाट सख्त घाइते भएकी मृतकलाई उपचार गराउनेतर्फ नलागी आफू उक्त घटना वारदात समयदेखि फरार भै करीव तीन वर्षपछि प्रहरीद्वारा पक्राउ परेको भन्ने देखिएको तथा आफूले गरेको अपराधप्रति पश्चाताप गरी अव आइन्दा त्यस्तो कसूरजन्य कार्य आफूबाट नहुने किसिमको वयान समेत नदिई घटनालाई ढाकछोप गर्न खोजेको देखिएको अवस्थामा प्रतिवादीले अनुसन्धानमा सहयोग पुऱ्याएको भन्न नसकिने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल फागुन २० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीशचन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** रि.पु.इ.नं. २०६६-WF-००११, उत्प्रेषण, *गणेश पञ्जियार वि. न्याय परिषद समेत*

अवस्थाअनुसार सचेत गराउन सक्ने भन्ने निर्णयकर्ताले स्वविवेकमा प्रयोग गर्न मिल्ने प्रकृतिको अधिकार दिने कानूनी प्रवन्धलाई पहिलो पटक सचेत गराउनै पर्ने भन्ने अनिवार्य वा पूर्वशर्तका रुपमा मान्न र व्याख्या गर्न उपयुक्त नदेखिने ।

निवेदकउपर जे जस्ता आरोपहरु लगाइएको छ र ती आरोपहरुलाई समर्थन गर्ने विभिन्न कागजातहरु संकलन गरी त्यसको विवेचना र विश्लेषण समेत गरिएको छ, त्यस आधारमा निवेदकउपरको आरोप निराधार रहेको भन्ने नदेखिने ।

निवेदकलाई न्याय परिषद्को निर्णयका आधारमा संवैधानिक प्रावधानबमोजिम पदमुक्त गर्ने तत्कालीन श्री ५ बाट स्वीकृत भएपछि निवेदकउपरको कारवाहीले पूर्णता पाएको र सर्वोच्च अदालतको पत्रले केवल उक्त निर्णयको जानकारी प्रवाहको कार्यमात्र गरेको हुँदा सोही पत्रलाई आधार बनाएर निर्णय गर्नुभन्दा पहिलेको मितिबाट पदमुक्त गरिएको भन्ने अर्थ गर्नु व्यावहारिक र औचित्यपूर्ण नहुने ।

निवेदकले मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी मुद्दाको कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको भन्ने अवस्थाको विद्यमानता देखिँदा निवेदकका हकमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) आकर्षित हुने । रिट निवेदन खारेज हुने ।

**मा.न्या.श्री गिरीशचन्द्र लालको रायः**

सर्वोच्च अदालतद्वारा न्यायिक पुनरावलोकनको निमित्त संविधान प्रदत्त असाधारण अधिकारक्षेत्रको प्रयोग हुन नसक्ने भन्नुको

तात्पर्य सर्वोच्च अदालतमा अन्तर्निहीत रहेको र सो अदालतलाई संविधानले जनतामा न्यायिक प्रत्याभूति दिन पत्याएको कर्तव्यबाट पछि हट्नु सिवाय अरु हुन नसक्ने ।

निवेदकमाथि कार्यक्षमताको अभावमा मात्र कारवाही चलाइएको भए पनि सो कारवाही चलाउनु अघि निजलाई कुनै प्रकारले सचेत नगराइएकोबाट सो कानूनी व्यवस्थाको प्रत्यक्ष उल्लंघन भएकाले निवेदकमाथिको कारवाहीमा विपक्ष न्याय परिषद्बाट न्यायिक मन (Judicial mind) के प्रयोग नभै कानूनले निर्धारित गरेभन्दा बढी अधिकार (Excess of power) को प्रयोग भएको र सो कारवाहीमा कानूनको प्रत्यक्ष त्रुटि (Apparent error of law) समेत रहेको कुरा निसन्देह रुपमा भन्नु पर्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६१ सालको फौ.पु.नं. ३६९८, भ्रष्टाचार, *प्रदीप अधिकारी वि. नेपाल सरकार*

कुनै अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुने ।

प्रतिवादीको खल्तीबाट घूसको रकम वरामद भएको अवस्थामा आफूले घुस रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको । तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले वरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति वेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबरजस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने ।

प्रतिवादीले कानूनबमोजिम गर्नुपर्ने काम यथासमयमा नगरेको र घुसको माग गरेको हुनाले उजूरवालाले अधिकार प्राप्त निकायबाट नोटहरू लिएर घुसबापत प्रतिवादीलाई दिएका क्रियाहरू आरोपित कसूरका लागि गरिने अनुसन्धान प्रक्रियाका अंग हुन र कानूनअनुकूल नै सम्पन्न भएकाले अभियोजन पक्षको नियत र अनुसन्धान कारवाहीमा दूषित मनसाय र कानूनी त्रुटि समेत देखिन नआएकोले त्यसको आधारमा एकत्रित प्रमाणहरू आरोपित कसूर प्रमाणित गर्नका लागि प्रमाणको रुपमा ग्रहणयोग्य देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६२ सालको रिट नं.३६०८, उत्प्रेषण परमादेश, *रामनाथ सहनी वि. भूमिसुधार कार्यालय रौतहट समेत*

भूमिसम्बन्धी ऐनले मोही लागेको जग्गामध्ये आधा जग्गा धनीको र आधा जग्गा मोहीको स्वामित्व कायम हुने व्यवस्था गरेकाले न्यायपूर्ण ढंगले आधा जग्गाको स्वामित्व प्राप्त गर्नु मोहीको कानूनी हक हो । त्यस्तो हकलाई कुण्ठित हुने गरी एक पक्षलाई बढी सुविधा र अर्कोलाई थौरै सुविधा हुने गरी क्षेत्रफल मात्र आधा आधा गर्दा ऐनको व्यवस्था र उद्देश्य अनुरूप हुँदैन । त्यस कारण निर्णय गर्ने अधिकारक्षेत्र भए पनि निर्णयकर्ताले विवेकसम्मत र न्यायोचित निर्णय गरेको छैन वा ऐनको भावना विपरीत भेदभावपूर्ण निर्णय गरेको खण्डमा त्यस्तो निर्णय कायम रहन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको फौ.पु.नं. ३२९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमुर्की शेर्पा*

एउटी विवाहित महिलाले आफ्नो पतिबाटै धारण गरेको गर्भबाट जन्मिएको वच्चालाई मार्नुपर्नेसम्मको स्पष्ट कारण नदेखिएको

अवस्थामा त्यस्ती महिलाले आफूले जन्माएको बच्चालाई मार्लिन भनी अनुमान गर्नु न्यायको रोहबाट नमिल्ने ।

प्रतिवादीले नै कुनै कर्तव्य गरी मृतक शिशुको टाउकोमा कडा वस्तु लाग्न गएको भन्ने खुलाउन नसकेको साथै त्यसरी आफूले जन्माएको वच्चालाई मार्नुपर्नेसम्मको वाध्यात्मक परिस्थिति वा त्यस्तो वच्चा जन्माउँदा प्रतिवादीउपर सामाजिक वा पारिवारिक रुपमा कुनै रुपमा कुनै प्रश्न वा लाञ्छना लाग्न सक्नेसम्मको अवस्था र परिस्थिति पनि नभएको अवस्थामा यी प्रतिवादीले आफ्नो गर्भबाट जन्माएको शिशुलाई मारिन होला भनी विना ठोस प्रमाण अनुमान गरी सजाय गर्नु मनासिव नहुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः रामशरण तिमिल्सेना
इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको फौ.पु.नं. ०५२५, भ्रष्टाचार, झूठा प्रमाण पत्र, *शारदा भण्डारी वि.नेपाल सरकार*

भ्रष्टाचार हुन कुनै नक्कली प्रमाणपत्र लिई प्रस्तुत गरी नोकरीमा प्रवेश गरेको वा बढुवा लिएको वा अन्य कुनै लाभ लिएको मात्र हुनुपर्छ भन्ने होइन । शैक्षिक योग्यताको झूठा प्रमाण बनाउनु, लिनु, राख्नु, प्रस्तुत गर्नु मात्र पनि अपराधजन्य कार्य हो ।

सेवा प्रवेश गर्दा र तत्काल बढुवा फाराममा उल्लेख गरेका शैक्षिक योग्यताको प्रमाणपत्रबाट तत्काल फाइदा लिएको नदेखिए तापनि पदमा वहाल रहन वा कुनै हैसियत लाभ वा रुपैयाँ पाउने उद्देश्यले झूठा शैक्षिक योग्यता बनाई ल्याई पेश गरेको देखिँदा ती कार्य नै स्वयं आपराधिक कसूरजन्य कार्य हुने ।

इजलास अधिकृतः लीलालाज अधिकारी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल पुस ३ गते रोज ६ शुभम्

५

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६६ सालको फौ.पु.नं. CR-००२०, भ्रष्टाचार झूठा प्रमाण पत्र, *वेदराज गौतम वि. नेपाल सरकार समेत*

जुन परीक्षामा संलग्न भै परीक्षा दिई उत्तीर्ण भै लिएको आधिकारिक प्रमाणपत्र हो सोही प्रमाणपत्रलाई सत्यापन गर्दा अनुत्तीर्ण भएको भनी आधिकारिक एवं परीक्षा सञ्चालन गर्ने बोर्डबाट लेखी आएकाले शैक्षिक योग्यताको विवादमा प्रमाणपत्र जारी गर्ने निकायको प्रमाणीकरणलाई नै आधारिक मान्नुपर्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २८ गते रोज ६ शुभम

६

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको फौ.पु.नं. CR-०५१४, भ्रष्टाचार झूठा प्रमाण पत्र, *ताराप्रसाद श्रेष्ठ वि. नेपाल सरकार समेत*

आफूसँग भएका सबूद प्रमाण वादीले फिरादका साथ र प्रतिवादीले प्रतिउत्तर वा वयान गर्दा पेश गर्नुपर्छ । प्रतिवादीले आफूसँग भएको शैक्षिक योग्यताका प्रमाणपत्र समयमा पेश गरेको समेत नदेखिँदा अ.वं. ७७ नं बमोजिम समेत ग्राह्य हुन नसक्ने ।

परीक्षा दिई परीक्षाफल रोक्का भै परीक्षाफलले पूर्णता प्राप्त नगर्दै रोक्का भएको परीक्षाफल फुकुवा नहुँदै रद्द भएको अवस्थामा हाइस्कूल परीक्षा उत्तीर्ण गरेको अवस्था नहुने हुँदा प्रमाणपत्र पाउने अवस्था नै हुँदैन । प्रमाणपत्र पाउने अवस्थानै नभएको स्थितिमा प्रमाणपत्र सद्धे कीर्ते वा झूठा प्रमाणपत्र हुन वा पछि रद्द गरिएको प्रमाणपत्र हुन निर्क्यौल गर्नुपर्ने जिकीरसँग सहमत हुन नसकिने ।

कुनै परीक्षामा सम्मिलित हुँदैमा परीक्षा उत्तीर्ण भएको मानिन नसकिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २८ गते रोज ६ शुभम

७

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०५९ सालको स.फौ.पु.नं. CR-३२१२, र ३२२५, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत, बालकृष्ण अधिकारी वि. नेपाल सरकार*

आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर जमानत दिने व्यक्तिको सीमा स्वीकृति नगराई एउटै व्यक्तिको जमानीमा ठूलो रकमको प्रतीतपत्र खोल्दा बैंकलाई हानि नोक्सानी पुग्न सक्छ र प्रतीतपत्र खोल्ने व्यक्तिहरूले गैरकानूनी लाभ प्राप्त गर्न सक्ने सम्भावना रहन्छ भन्ने सामान्य अनुमान प्रतिवादीले गर्न नसक्ने परिस्थिति थियो भन्ने नदेखिँदा प्रतिवादीबाट प्रतीतपत्र खोल्ने सम्बन्धमा गरेका काम कारवाहीहरू असल नियतबाट भएको भन्न नमिल्ने। कुनै व्यक्तिउपर कुनै कसूरमा दावी लिनु मात्र पर्याप्त हुँदैन। आफ्नो दावी प्रमाणित गर्न अन्तिम अवस्थासम्म प्रयासरत् हुनु वादीको जिम्मेवारी हुन जान्छ। तर प्रस्तुत मुद्दामा आफूले लिएको दावी प्रमाणित गर्न थप सबूद प्रमाण संकलन गर्न क्रियाशील हुनुको सट्टा दावी नपुग्ने निर्णयउपर एक तह पुनरावेदन गर्नेसम्मको पनि तत्परता नदेखाई उदासीन रहने सम्बन्धित अधिकारीले आफ्नो जिम्मेवारी पूरा गरेको अवस्था नदेखिने।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी

कम्प्युटरः वेदना अधिकारी

इति संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०५९ सालको फौ.पु.नं. CR-३२१३, र ३२२३, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१४, र ३२२४, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१५, र ३२२२, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१६, र ३२२१, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१७, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१८, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*
- २०५९ सालको फौ.पु.नं. CR-३२१९ र ३२२०, भ्रष्टाचार, *सुरेन्द्रलाल राजभण्डारी वि. नेपाल सरकार समेत*

८

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६३ सालको रिट नं. ३४९४, उत्प्रेषण समेत, *ताराबहादुर थापा वि. मालपोत कार्यालय नुवाकोट समेत*

अधिकारको संरक्षणको खोजीमा हिड्नेले सफा र स्वच्छ हृदयका साथ अदालत प्रवेश गर्नु पर्दछ। सफा र स्वच्छ हृदयका साथ अदालत प्रवेश गरेको अवस्थामा मुद्दाको अधिकारको संरक्षण गर्ने दायित्व अदालतमा रहने।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४ सालको फौ.पु.नं. २७२, डाँका, *नेपाल सरकार वि. सनम भन्ने पुष्पराज राई समेत*

कुनै अपराधको वारदातको पटक कायम गर्नु पर्दा उक्त वारदातले कार्यरुप प्राप्त गरेको अवस्थालाई मात्र विचार गरेर हुँदैन। सो वारदातले कार्यरुप लिनु भन्दा अगाडि बनाइएको योजना र अपराधसँग सम्बन्धित अन्य तथ्यहरू समेतलाई विचार गर्नुपर्ने।

चोरीको अपराधको पटक गणना गर्दा एकै चोटी योजना बनाई एउटै मितिमा एकै समयको

अन्तरालमा एउटै अपराधीहरूको समूहबाट भएको वारदातलाई पटक पटक अपराध गरेको भन्न सो कानूनको मनासाय हुन नसक्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः सरस्वति पौडेल
इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६४ सालको फौ.पु.नं. ०२७३, डाँका, *नेपाल सरकार वि. सनम भन्ने पुष्पराज राई समेत*
- २०६४ सालको फौ.पु.नं. ०२७४, डाँका, *नेपाल सरकार वि. सनम भन्ने पुष्पराज राई समेत*

१०

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको फौ.पु.नं.३६५९, चोरी, *नेपाल सरकार वि. गणेशबहादुर कार्की समेत*

**मा.न्या.रामप्रसाद श्रेष्ठको रायः**

चोरी जस्तो गम्भीर अपराधमा केवल अनुमानकै भरमा कसूर ठहर गरी सजाय गर्न नमिल्ने ।

**मा.न्या.भरतराज उप्रेतीको रायः**

प्रतिवादीले १५ प्रतिशतभन्दा बढी नाफा हुने गरी मात्र होइन कि करीव करीव आधा मूल्यमा खरीद गर्ने र प्रयोग गर्ने कार्य गरेबाट चारीको २३ नं. अनुसार कसूर कायम गरी सजाय गर्नु हुँदैन भन्ने अर्थ गर्नु औचित्यपूर्ण नहुने ।

मा.न्या.रामप्रसाद श्रेष्ठको रायसँग सहमत हुन नसकेकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती**, २०६६ सालको रिट नं. WO ०१९५, परमादेश समेत, *जेष्ठ नागरिक समाज के.का. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जेष्ठ नागरिकको समूह वा वर्ग राज्यको वा समाजका एउटा अवधिको जीवन्त इतिहास र मानवीय प्रतिविम्व नै भएको हुँदा यस्तो वर्गप्रति सम्बन्धित राज्यले निर्वाह गर्ने कर्तव्य र दायित्वबाट उक्त राज्यको प्रजातान्त्रिक छवि एवं मानवाधिकारको सम्मान गर्ने चरित्रलाई नै पृष्ठपोषण गर्ने ।

जेष्ठ नागरिकहरूलाई पनि अन्य नागरिक सरह सम्पूर्ण मानवाधिकारहरूको उपभोग गर्न पाउने वातावरण सिर्जना गरी मर्यादित, भेदभावरहित र सुरक्षित जीवनयापनको सुनिश्चितता गर्नु राज्यको परम कर्तव्य हुन आउने ।

ऐनले जेष्ठ नागरिकअन्तर्गत परिभाषित गरेको ६० वर्षको उमेर पूरा भएका सम्पूर्ण जेष्ठ नागरिकहरूलाई एकै पटक र एउटै आधारमा समेट्न सम्भव नदेखिए तापनि सम्पूर्ण जेष्ठ नागरिकहरूको संख्या, उनीहरूको सामाजिक एवं पारिवारिक स्थिति, देशको आर्थिक स्रोत र साधन तथा आर्थिक क्षमताको स्थिति, राज्य कोषमाथि पर्न जाने व्ययभार वा सरकारको आर्थिक सीमा (Austerity) को विषयबाट नै कति उमेरसम्मका जेष्ठ नागरिकलाई राज्यले भत्ता उपलव्ध गराउने भन्ने सम्बन्धमा एउटा निश्चित आधारबाट निर्धारित हुने कुरा भएकाले त्यस्तो विषयमा अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गरी निरुपण गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती**, २०६५ सालको रिट नं. ०४८३, उत्प्रेषण, *विष्णुप्रसाद अर्याल वि.नेपाल सरकार समेत*

रिट निवेदनमा उठाइएको विवादास्पद सिफारिश र नियुक्ति निर्णय स्वयं प्रधानमन्त्रीबाटै बदर भैसकेपछि नेपाल प्रज्ञा प्रतिष्ठानमा नयाँ पदाधिकारी र प्राज्ञसभाका सदस्यहरू नियुक्ति गर्न सिफारिश समिति समेत गठन सोही समितिको सिफारिशमा हाल नेपाल प्रज्ञा प्रतिष्ठानमा नयाँ पदाधिकारी र सभा सदस्यहरू समेत नियुक्ति भई सो प्रतिष्ठानको गठन कार्य समेत सम्पन्न भइसकेकाले रिट निवेदनको कुनै औचित्य नरहने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती**, २०६५ सालको रिट नं. WO-०४९८, उत्प्रेषण परमादेश समेत, *किरण मानन्धर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

ऐनको स्पष्ट व्यवस्थाअनुसार सिफारिश समितिका दुई जना सदस्यहरू प्रधानमन्त्री स्वयंबाटै तोकिनु पर्नेमा संस्कृति मन्त्रीले त्यस्ता सदस्यहरूको नाम तोकी प्रधानमन्त्रीबाट स्वीकृत गराई सिफारिश समिति गठन भएको देखिँदा त्यसरी गठन भएको सिफारिश समिति कानूनअनुरूप गठन भएको मान्न नमिल्ने ।

प्रचलित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को कानूनी व्यवस्थाबमोजिम प्रधानमन्त्रीबाट मनोनयन, नियुक्ति र गठन हुनुपर्ने प्रतिष्ठानका प्राज्ञसभा सदस्य, पदाधिकारी तथा परिषदको मनोनयन, नियुक्ति र गठनसम्बन्धी निर्णय सिफारिश समितिले आफैले गरेको हुँदा त्यस्तो निर्णयमा प्रधानमन्त्रीले स्वीकृति दिएका आधारमा मात्र सो काम कारवाही प्रधामन्त्रीबाटै भएको मान्न नसकिने ।

कानूनले स्पष्ट रुपमा जुन निकाय वा पदाधिकारीबाट जुन कार्य वा निर्णय हुनुपर्दछ भनी किटानी साथ व्यवस्था गरेको छ, त्यस्तो कार्य वा निर्णय सोही निकाय वा पदाधिकारीबाटै हुनुपर्दछ । त्यसो भएमा मात्रै त्यस्तो कार्य वा निर्णय कानूनसम्मत रुपमा सम्पन्न भएको मान्न सकिन्छ । कानूनले दिएको अधिकारको सीमालाई नाघ्ने गरी भए गरिएका काम कारवाही वा निर्णयहरूले कानूनी वैधता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः विदुर कोइराला

इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५ सालको रिट नं. WO ०५४३, उत्प्रेषण परमादेश समेत, *महिला कलाकार समूह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*
- २०६५ सालको रिट नं. WO ०४९७, उत्प्रेषण परमादेश समेत, *जीतबहादुर देउजा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल**, २०६० सालको दे.पु.नं. ८२५९, जग्गा खिचोला चलन, *श्रीरामप्रसाद यादव वि. सुरेन्द्रप्रसाद यादव समेत*

नक्साबाट वादीको जग्गा पुगेको आधार एवं कारणबाट शुरु जिल्ला अदालतले वादी दावीबमोजिम जग्गा प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको फैसला केही उल्टी गरी पुनरावेदन वादीको जग्गाभन्दा बढी हुन आएको जग्गाको हदसम्ममा पुनरावेदक प्रतिवादीहरूले खिचोला गरेको नठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम**, २०५८ सालको दे.पु.नं. ६९१४, ८०२७, मोही कायम, *गिरीजा शर्मा वि. सन्दिप थापा समेत*

कानूनबमोजिम कायम भएको मोहीले जग्गा नकमाई भागेमा, मोही आफैले जग्गा कमाउन छाडेको सूचना दिएमा मोही लगत कट्टा गरी दर्ता किताव सच्याउने तथा सालसालको बाली बुझाउनु पर्ने दायित्व पालना नगरेमा वा भूमि सम्बन्धी ऐन, नियमले निर्देश गरेअनुसारको काम कारवाही विपरीत काम गरेमा सम्बन्धित ऐन नियमको प्रक्रिया पूरा गरी दर्तावाला मोही निष्काशित हुने ।

साविक जग्गाधनीले मोहीले जग्गा नजोतेको वा भागेको वा नकमाएको भनी कानूनी व्यवस्थाबमोजिमको कारवाही अवलम्बन नगरी साविक मोहीले कमाएको छैन भनी जग्गाधनीले अर्को तेस्रो पक्षले दिएको मुद्दामा भएको वयानमा व्यहोरा लेखाई दिएकै नाताले मात्र मोही हक समाप्त भएको मान्न नमिल्ने । कानूनबमोजिम स्थापित मोहीलाई अन्य अवस्थाबाट विस्थापित गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम**, २०६० सालको दे.पु.नं. ९३५१, मोही हक नामसारी, *हरिलाल श्रेष्ठ समेत वि.विष्णुप्रसाद उप्रेती समेत*

वादीको हकको विवादित जग्गाबाट प्रतिवादीको खिचोला मेटाई वादीले चलन चलाई पाउने गरी सर्वोच्च अदालतबाट फैसला भएको समेतबाट उक्त जग्गामा उक्त मुद्दाबाट समेत प्रत्यर्थी प्रतिवादीको हक रहेको तथ्य स्थापित भएको अवस्थामा सर्वोच्च अदालतबाट भएको उक्त फैसला समेतबाट पुनरावेदक वादीको नाममा मोही हक रहेको तथ्य स्थापित हुन नसकेको अवस्थामा मोही हक नामसारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ९३६८, मोही बेदखली, *हरिलाल श्रेष्ठ समेत वि.विष्णुप्रसाद उप्रेती समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको फौ.पु.नं. ००९३, कर्तव्य ज्यान, *सूर्यबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीको कार्यले गम्भीर, घातक एवं समाजमा घृणा, द्वेष फैलाउने, समाजविरुद्ध एवं सधैंभरि राष्ट्र एवं समाजमा विकृति फैलाउन मद्दत गर्ने कुसंस्कारयुक्त खराव प्रकृतिको गम्भीर आपराधिक कार्य गरेको देखिँदा अपराध हुँदाको अवस्था एवं स्थितिलाई विचार गर्दा पुनरावेदन माग दावीबमोजिम अ.वं. १८८ नं. को प्रयोग हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर ३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, २०६५ सालको दे.पु.नं.०२४१, अंश चलन समेत, *सुनील प्रजापति वि. सूर्यमाया प्रजापति समेत*

हालैको वकसपत्रबाट प्राप्त गरेको जग्गा र सोमा वनेको घर समेत निजी आर्जनबाट वनेको देखिएको अवस्थामा मुलुकी ऐन अंशबण्डाको १८ नं. मा भएको कानूनी व्यवस्था समेतबाट उक्त जग्गा निजी आर्जनको देखिएकाले अन्य बण्डा गर्नुपर्ने पैत्रिक सम्पत्ति रहे भएको नदेखिँदा निजी आर्जनको कि.नं. ९३१ को घरजग्गा बण्डा गर्नुपर्ने देखिन नआउने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल मंसिर १० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६२ सालको दे.पु.नं.९४७०, अवण्डा जग्गा बण्डा, *सुरेन्द्र साह समेत वि. लक्ष्मी साह तेली*

प्रतिवादीहरूका वाजेका नाउँमा ७ नं. फाँटवारी भरिएको साविक कि.नं.७३५बाट कित्ताकाट भई कायम भएको कि.नं. ६५ को जग्गा निजको नाउँमा एकलौटी दर्ता भएको मिसिल संलग्न प्रमाणबाट देखिँदा यसरी हरिचन साहका नाउँमा दर्ता रहेको साविक कि.नं. को जग्गा वादी तथा प्रतिवादीका वाजेले आ-आफनो भोग हिस्साको आधारमा कित्ताकाट गरी नापी गराएको स्पष्ट देखिएको अवस्थामा उक्त जग्गा वादी र प्रतिवादीका वाजेका बीच विधिवत बण्डा नभई भोगचलन गरिआएको हुँदा वादीले बण्डा छुट्याई दिन पाउने होइन भन्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ १९ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं.९२८१, निर्णय दर्ता बदर निजी गुठी, *प्राणमाया मुनिकार समेत वि. भवानीराज पाण्डे समेत*

दावीको जग्गा नापी हुँदा जग्गाधनीको नाउँमा पशुपतिनाथको मूल पुजारी खान्गी र प्रेमकुमारी उपाध्याय उल्लेख भएको देखिए पनि प्रेमकुमारीले उक्त जग्गाको आफू जग्गाधनी नभई मोही भएकोले मोहियानी दर्ताको लागि निवेदन दिई कारवाही चलाएको देखिँदा सो जग्गा पशुपतिको मूल पुजारी खान्गीको भएको तथ्यलाई अन्य भरपर्दो प्रमाणबाट खण्डित हुन सकेको नदेखिने ।

विवादित जग्गा पशुपतिनाथ मूल पुजारीको हो भनी फिल्डवुकको जग्गाधनी महलमा लेखाइसकेको र सो कुरालाई अन्यथा भन्न र सबूद प्रमाणबाट खण्डन गर्न नसकी स्वीकार गरिरहेको अवस्थामा सो जग्गा पशुपतिनाथ मूल पुजारीको नभई न्हुच्छेबहादुर मुनिकार समेतको हो भन्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल माघ १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६१ सालको दे.पु.नं.९२८२, फैसला बदर, *प्राणमाया मुनिकार समेत वि. भवानीराज पाण्डे समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं.९८११, पर्खाल भत्काई पाऊँ, *भारती ढुंगाना अर्याल वि. पार्वती महर्जन*

कि.नं. ५४९ को सम्पूर्ण जग्गा चक्रपथ ट्र्याकरोडमा परेको भन्ने नापी शाखा कलंकीको पत्र र पुनरावेदन अदालतको आदेशानुसार भएको स्थलगत नाप नक्सा समेतबाट सप्रमाण पुष्टि भइरहेको अवस्था हुँदा पुनरावेदक प्रतिवादीको जिकीरको उक्त कि.नं.को पूरै जग्गा ट्र्याकरोडमा परी निजको जग्गा बाहिर बाँकी नै नरहेको भन्ने देखिएको अवस्थामा पुनरावेदक प्रतिवादीले आफ्नो उक्त कि.नं. को जग्गामा पर्खाल बनाएको भन्न नसकिने हुँदा वादीको कि.नं. ३४६ को जग्गामा प्रतिवादीले लगाएको पर्खाल भत्काई प्रतिवादीले गरेको खिचोला मेटाई चलन समेत चलाई दिनुपर्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६० सालको दे.पु.नं.८९१०, घर भत्काई खिचोला चलन *कृष्णराज अर्याल समेत वि. तारादेवी शाह* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६२ सालको रिट नं. ३१२६, उत्प्रेषण,

*नारायणप्रसाद भट्टराई वि. काठमाडौँ फाइनान्स लि. समेत*

ऋण दिने बैंक वा फाइनान्स कम्पनीहरूले सम्झाइरहन पर्ने कुरा होइन। फाइनान्स कम्पनीले लिलामी कारवाही गर्दा सार्वजनिक सूचना नै प्रकाशित गरेको देखिन्छ । कर्जा लिएपछि स्वयं कर्जा लिँदाको शर्तबमोजिम ऋणी स्वयंले समय समयमा आफ्नो किस्ताबमोजिम कर्जा चुक्ता गर्नुपर्ने ।

ऋणीले समयमा कर्जा नतिरेबापत कर्जाबापत लिएको धितो लिलाम गरी ऋण असूल गरेको कामकारवाहीमा कानूनतः कुनै त्रुटि नदेखिँदा मागबमोजिम आदेश जारी गर्न नमिल्ने । यस्ता Defaulter लाई अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको रिट नं. ०३२१, उत्प्रेषण समेत, *जगनारायण महतो वि. पुनरावेदन अदालत विराटनगर समेत*

पटक पटक बिगो दाखिला गर्ने अवसर प्रदान गर्दा पनि बिगो दाखिला नगरेका तथा लिलाम हुने व्यहोराका विभिन्न सूचना पटक पटक रीतपूर्वक तामेल भएको अवस्थामा सम्पूर्ण लिलामी कारवाहीमा कुनै कानूनी त्रुटि देखिन आएन । कागज जाँचको महलबमोजिम रीतपूर्वक तयार भएको जायजात तायदात मुचुल्कालाई अन्यथा अर्थ गरी लिलामी कारवाही बदर गर्ने ठहराएको पुनरावेदन अदालतको आदेश बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन २१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा**, २०६१ सालको रिट नं.३८०३, उत्प्रेषण परमादेश, *गोपालप्रसाद पराजुली वि.नापी विभाग समेत*

विभागीय सजायको निर्णय गर्ने अधिकारी निष्पक्ष तथा स्वतन्त्र भै प्रमाणको विवेचना गरी सजाय गर्नुपर्ने आधार र कारण खोली निर्णय गर्नुपर्दछ। यसरी निर्णय गर्दा प्रशासकीय अधिकारीको हैसियतबाट हैनकि एउटा अर्धन्यायिक निकाय सरहको भूमिका निर्वाह गर्नुपर्दछ । उसको निर्णय तथा काम कारवाहीबाट निष्पक्षता तथा स्वतन्त्रताको प्रत्याभूति हुनुपर्ने ।

निर्णय गर्ने अधिकारीले प्रमाणको स्वतन्त्र तथा निष्पक्षतापूर्वक विश्लेषण गरी न्याय प्रदान गर्नुपर्ने विवेकलाई कसैबाट निर्देशित वा कुनै पनि विचारबाट प्रभावित भै निर्णय गर्न हुँदैन । त्यसो निर्णय Mechanical justice को रुपमा परिणत भै न्यायको महत्व नै शून्यमा परिणत हुन पुग्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा**, २०६४ सालको दे.पु.नं. ४१६, मोही लगत कट्टा, *गमन थारु वि. कमला दुगड*

मौकामा विवादित जग्गाबाट मोही लगत कट्टा हुने निर्णय भएको भए स्रेस्तामा मोही लगत कट्टा गरी अद्यावधिक गराउने दायित्व जग्गाधनीको हो भन्ने तथ्यमा विवाद गरिरहन नपर्ने ।

मौकामा कानूनद्वारा निर्धारित दायित्व पालना नगर्ने जग्गाधनीलाई हाल आएर कानूनद्वारा कुनै सहयोग हुने अवस्था नदेखिनुका साथै निष्काशित मोहीबाट वाली बुझी भरपाई गर्नुपर्ने अवस्था नै नआउने हुँदा वादीको दावी प्रमाणबाट समर्थित भै स्थापित हुन सकेको देखिन आएन । त्यस्तै गरी विवादित जग्गा भू.सु.का. बाट मोही र जग्गाधनीबीच बाँडफाँड समेत भै जग्गा स्थितिमा समेत परिवर्तन भैसकेको देखिँदा मोही लगत कट्टा हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरःनिर्मला भट्ट

इति संवत् २०६६ साल फागुन ४ गते रोज .. शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२ सालको रिट नं.३६०५, उत्प्रेषण परमादेश, *युवराज धाङेवा वि. भूमिसुधार कार्यालय विराटनगर समेत*
- २०६२ सालको रिट नं.३६०६, उत्प्रेषण, *कमला दुगड वि. भूमिसुधार कार्यालय विराटनगर समेत*
- २०६४ सालको दे.पु.नं.४१५, मोही लगत कट्टा, *गमन थारु वि. युवराज धाङेवा*

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको फौ.पु.नं.CI-०१२२, अदालतको अपहेलना, *साकेलादी भूमिदेव पूजास्थल पुनर्स्थापना संघर्ष समिति समेत वि. धरान नगरपालिकाको कार्यालय समेत*

आफ्नो हकदैया नै नपुग्ने र जग्गाधनी निवेदक नरहेका जग्गाका कुरामा दावी लिएको साथै निवेदकले दावी गरेअनुसार निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालतबाट अन्तरिम आदेश जारी भए पश्चात बाटो तथा वुद्धको शालिक निर्माण शुरु गरेको स्थिति नदेखिँदा अन्तरिम आदेश हुनुभन्दा अगावै निर्माण कार्य सम्पन्न भैसकेकाले अदालतको अपहेलना नहुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको दे.पु.नं.CI-०५६५, निषेधाज्ञा, *हस्तलाल लिम्बू समेत वि. नरबहादुर श्रेष्ठ समेत*

अदालतमा कुनै कुराको दावी लिएर आउनेले आफ्नो हक भोगको स्रोत अर्थात प्रमाणसहित दावी गर्नुपर्दछ। दावीकर्ताको हकभोगको प्रमाणको अभावमा अदालतले मागबमोजिम इन्साफ गर्न नसक्ने ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा समेतय यसैअनुरूप निर्णय भएको छः

- २०६४ सालको दे.पु.नं.CI-००९४, साकेलादी भूमिदेव पूजास्थल पुनर्स्थापना संघर्ष समिति समेत वि. धरान नगरपालिका समेत
- २०६४ सालको दे.पु.नं.CI-०११२, निषेधाज्ञा, *धर्मध्वज राई वि. किरात राई यायौक्खा जिल्ला कार्य समिति सुनसरी समेत*
- २०६४ सालको दे.पु.नं.CI-००९५, निषेधाज्ञा, *साकेदाली भूमिपूजा समिति वि. देवीस्थान तथा व्यवस्थापन समितिको कार्यालय समेत*
- २०६४ सालको दे.पु.नं.CI-०१११, निषेधाज्ञा, *साकेदाली भूमि देव पूजास्थल पुनर्स्थापना संघर्ष समिति वि. धरान नगरपालिकाको कार्यालय समेत*
- २०६४ सालको दे.पु.नं.CI-०११३, निषेधाज्ञा, *साकेदाली भूमिपूजा समिति वि. धरान नगरपालिकाको कार्यालय समेत*

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६१ सालको दे.पु.नं.८६८६, बण्डा चलन पूर्जी बदर, *महेश शर्मा भन्ने महेश्वर शर्मा वि. पानोदेवी ठाकुर लोहार समेत*

कानूनी व्यवस्था विपरीत प्रतिवादीले यस अदालतको फैसलाले अंश नपाउने ठहरी फैसला भैसकेपछि विवादित सम्पत्तिमा वादीहरूको हक हित सिर्जित भैसकेको अवस्थामा सो सम्पत्तिलाई यथास्थितिमा राख्नुपर्नेमा सो नगरी वादीहरूलाई मुद्दा गर्न बाध्य तुल्याई दुःख हैरानीमा पार्न उल्लिखित अंश नपाउने ठहर फैसला भएपश्चात् पुनरावेदक प्रतिवादीलाई प्रतिवादीले गरेको राजीनामा दूषित

मनासायले अभिप्रेरित भै गरेको देखिएको राजीनामाले कानूनी मान्यता नपाउने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६४ सालको दे.पु.नं.CI-०४८०, शेषपछिको लिखत बदर, *चन्द्रशेखर न्यौपाने समेत वि. धनकुमारी न्यौपाने*

हदम्याद र हकदैया मुद्दा प्रथमतः Prima Facie रुपमा हेरिने विषय हुन् । हकदैयाको सिद्धान्तको मुद्दामा महत्वपूर्ण स्थान रहेको हुन्छ । हकै नपुग्ने विषयमा जो सुकैले नालेस दिन पाउने हो भने सामाजिक सद्भाव, भाइचारा, अमनचैन र न्यायपूर्ण समाजको स्थापना हुन सक्दैन । त्यसैले हकदैयालाई मुद्दामा कडाइका साथ हेरिने गरिन्छ । त्यसैले प्रस्तुत मुद्दामा अंश मुद्दा दिई अंश पाई छुट्टि भिन्न भैसकेकाले लिखत बदर गराउन सक्ने अधिकार नदेखिने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६४ सालको रिट नं. ०८५९, उत्प्रेषण, *जिन्दल स्टील एण्ड पावर लि. वि. प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विषय विषयको लागि वनेको ऐनले जलविद्युतको विकास गर्ने गराउने काम Private sector बाट मात्र गराउनुपर्ने सरकारी स्वामित्वको कम्पनीबाट गराउन नहुने भनी सरकारी स्वामित्वको कम्पनीलाई अनुमतिपत्र दिन नहुने गरी प्रतिवन्ध नलाएकाले कार्यकारिणी अधिकारसम्पन्न मन्त्रीले कानूनले गर्न नहुने भनी रोक वा प्रतिवन्ध लगाएको काम वाहेक अन्य सम्पूर्ण काम वा नीतिगत निर्णय गर्न सक्ने ।

नेपाल सरकाले EOI को प्रस्ताव आव्हान गरेको Response मा सहभागी हुन आउने जुनसुकै कम्पनी विरुद्ध राज्यको तर्फबाट स्वेच्छाचारी र भेदभावपूर्ण व्यवहार हुन्छ भने त्यस्तो अवस्थामा कुनै पनि Investor लाई आफ्नो मर्का फुकाउने forum विहीन अवस्थामा राख्न नहुने ।

कानूनले रोक नलगाएको अवस्थामा सरकारले Private sector वा सरकारी स्वामित्व वा दुई वर्गका व्यक्तिहरूसँग सम्झौता गर्न सक्दछ । नेपाल राज्यको Statutory Power अन्तर्गत सरकारद्वारा यसरी हुने सम्झौता व्यापारिक प्रकृतिको आर्थिक विकाससँग सम्बन्धित सम्झौता हुन यस्तो सम्झौता गर्दा राज्यले सार्वजनिक हितलाई ध्यानमा राखी आफ्नो शर्त तोक्न सक्छ । प्रस्ताव आव्हान गर्दा होस् वा सम्झौता गर्दा होस् राज्य ठेक्का दिने व्यक्तित्व भएको हुँदा राज्यले आफ्नो शर्त राख्न सक्ने ।

ठेक्का दिने वा नदिने काममा लगाउने वा नलगाउने वा कुनै काम गर्ने अनुमतिपत्र वा इजाजतपत्र दिने नदिने भन्ने कुरा कार्यपालिकीय नीतिगत कुरामा न्यायिक पुनरावलोकनको नाममा अदालतले कुनै अमुक निवेदक वा प्रस्तावक वा developer वा व्यक्तिलाई नै ठेक्का दिनुपर्छ भनी वाध्य गर्न नसक्ने ।

प्रस्तावक वा वोलपत्रको मूल्याङ्कन गर्ने कार्यमा प्रस्तावक वा वोलपत्र दाताले दिन मञ्जूर गरेको Benefit मात्र शर्त वा प्रस्ताव छनोटको एकमात्र Criteria हुन सक्दैन । प्रस्ताव वा वोलपत्र आव्हानको शर्त जे जस्तो भए पनि राज्य वा सरकारले आफ्नो अडानमा लचकता देखाउन वा दावी छाड्न पनि सक्ने ।

कार्यपालिकाको domain भित्र पर्ने आर्थिक विकाससँग सम्बन्धित नीतिगत कुरामा धारा १५६ अनुसार संसदीय अनुमोदन आवश्यक पर्छ भन्नु भनेको seperaton of power कै विपरीत व्याख्या हुने ।

कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय अधिकार वेग्ला वेग्लै र स्पष्ट शव्दमा

seperation of power गरी धारा १५६ मा सीमित काम मात्र विधायिकाले Cecks & Balances हुने गरी लिखित संविधानद्वारा राज्य सञ्चालन हुने संवैधानिक व्यवस्थाबाट शासित राष्ट्र भएको कारण कार्यकारिणीको domain भित्र पर्ने काम पनि संसदीय अनुमोदन गर्नुपर्छ भन्ने व्याख्या यस अदालतले गर्न नसक्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको दे.पु.नं.CI-०५६९, निषेधाज्ञा, *जागीरमाया राई समेत वि. जिल्ला प्रहरी कार्यालय सुनसरी समेत*

यसै जग्गाको सम्बन्धमा पुनरावेदन अदालतमा मुद्दा परिरहेको अवस्था देखिएकोले सोही मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा यस मुद्दाबाट हाल केही गर्नुपर्ने देखिएन । अदालतमा विचाराधीन रहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भनी दिएको निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती**, २०६५ सालको दे.पु.नं. ०१७३, निषेधाज्ञा, *राजकुमार साह वि. विणादेवी समेत*

मिलापत्रको आधारमा मालपोतबाट पारित लिखतहरू कुनै पनि मुद्दाबाट बदर भै अस्तित्वहीन भैनसकेको अवस्थामा कानूनतः प्रत्यर्थी समेतकै हक भोग रहेको मान्नुपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत्र १२ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती**, २०६४ सालको दे.पु.नं.३६५, निषेधाज्ञा, *कृष्णहरि श्रेष्ठ समेत वि.विष्णुप्रसाद अधिकारी समेत*

कानूनबमोजिम सक्षम निकायबाट जग्गाको स्वामित्व सम्बन्धमा अन्यथा निर्णय नभएसम्मको लागि उक्त जग्गाको स्रेस्ता जो जसको नाउँमा छ उसैको हक पुगी संविधान तथा कानूनबमोजिम उक्त सम्पत्तिको भोग, विक्री, व्यवहार, भाडामा दिने जस्ता सम्पत्तिसम्बन्धी सबै अधिकारको प्रयोग दर्तावालाले गर्न पाउने ।

स्थानीय प्रशासन ऐनअनुसार जिल्लाभित्र शान्ति सुरक्षा कायम राख्ने कानूनी कर्तव्य प्रमुख जिल्ला अधिकारीको भए पनि व्यक्ति व्यक्ति बीचको सम्पत्तिसम्बन्धी विवादमा हस्तक्षेप गर्ने अधिकार नहुने ।

दुई पक्ष बीच वादविवाद चर्कन सक्छ भन्ने आधारमा प्रमुख जिल्ला अधिकारीले पक्रन वा हस्तक्षेप गर्न वा निर्देशन वा आदेश दिन सक्दैन । व्यक्ति व्यक्ति बीचको सम्पत्तिसम्बन्धी विवादमा बोलाई हस्तक्षेप गर्न पनि नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६ साल चैत्र १२ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६५ सालको रिट नं. ०३२४, उत्प्रेषण, *प्राथमिक विद्यालय खजनपुर पिप्राका विद्यालय व्यवस्थापन समिति समेत वि. प्राथमिक विद्यालय खजनपुरका प्रधानाध्यापक समेत*

कानूनबमोजिमको पदावधि बाँकी छँदै आफ्नो पदबाट हटाउने गरी भएको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा सोको आधारमा अवकाश दिने गरी विद्यालयका प्रधानाध्यापकले दिएको पत्र कानूनविपरीतको देखिँदा उत्प्रेषणको आदेश जारी गरी बदर हुने । उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको हैसियतले काम गर्न दिनु, कुनै वाधा विरोध नगर्नु भनी विपक्षीका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं.३५३५, उत्प्रेषण परमादेश, *अजवुद्धिन वागवान वि. मध्यपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र समेत*

कानून तोड्ने व्यक्तिलाई पक्राउ गर्ने काम सुरक्षा निकाय अर्थात प्रहरीको हो तर समान्य नागरिकहरूका विरुद्ध कसैले कुनै अपराध गरेमा त्यस्तो अपराध गर्ने व्यक्तिलाई उपस्थित जोसुकैले पक्राउ गर्न र कारवाहीको लागि सम्बन्धित निकायमा सुम्पन सक्छ । यस कामको लागि सेनालाई out cast गर्न मिल्दैन । अपराध गर्ने व्यक्तिलाई सेनाले पक्रेको कारणले मात्र अन्य प्रमाण छ र अन्य कारवाही कानूनबमोजिम छ भने त्यस्तो कारवाही कानून विपरीत नहुने ।

निवेदक आफ्नो पद र Uniform को धाकमा रकम असूल गर्ने काममा कार्यरत् रहेको अवस्थामा नेपाल सेनाले रंगे आत पक्राउ गरी कारवाहीका लागि सुम्पिएको देखिँदा निवेदकले सशस्त्र प्रहरी नियमावली, २०४९ को आचरण विपरीत मात्र होइन फौजदारी अपराध गरेको समेत प्रमाणित हुने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं. ९४६०, मोटर बीमा दावी, *एलायन्स इन्सुरेन्स कम्पनी लि. वि. उद्धवप्रसाद शिवाकोटी*

एउटै बीमा लेखमा माथिल्लो भागले क्षतिपूर्ति पाउने भन्ने र तल्लो भागले नपाउने भनी छुट्टै अर्थ र भ्रमात्मक कुरा उल्लेख गरेमा सुविधा दिने दृष्टिकोणबाटै व्याख्या गर्नु स्वर्णिम हुन जाने ।

दुर्घटनाको सूचनापछि तत्काल फिल्ड निरीक्षण गरी वास्तविक कुराको प्रतिवेदन दिइसकेपछि सोको ६ महिनापछि शुरुको प्रतिवेदनमा तात्विक भिन्नता हुने गरी पुनः भिन्न व्यहोराको प्रतिवेदन दिने सर्भेयरले आफ्नो व्यावसायिक आचरण विरुद्ध काम गरेको भन्ने कुरा देखिएकाले निजलाई बीमासम्बन्धी कानून, नियम तथा निर्देशिकाबमोजिम आवश्यक कारवाही गर्नु र यसरी बिनाआधार तथा कारण पहिले दिएको प्रतिवेदनमा तात्विक असर पर्ने गरी सर्भे प्रतिवेदनमा फेरवदल गरी विमितको हक विपरीत काम गर्ने सर्भेयरहरूलाई कारवाही गर्न पर्याप्त तथा प्रभावकारी व्यवस्था नभए त्यस्तो व्यवस्था प्रचलित बीमा ऐन तथा नियममा समावेश गर्न तत्काल आवश्यक प्रक्रिया शुरु गर्नका लागि निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६१ सालको रिट नं.२९३०, उत्प्रेषण, *रामेश्वर दास मिश्र वि. मालपोत कार्यालय काठमाडौँ समेत*

आफ्नो हकमा असर पर्ने गरी कुनै निर्णय हुँदा प्राकृतिक न्यायको सिद्धान्तअनुसार पर्याप्त रुपमा सुनुवाइको मौका प्रदान गरिएको हुनुपर्दछ । प्रस्तुत मुद्दामा यी निवेदकलाई झिकाई बुझी निजको कुरा समेत सुनी निर्णय नभएको स्थितिमा कार्यविधिगत रुपमा गम्भीर त्रुटि भएको मान्नु पर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं.३७९४, उत्प्रेषण परमादेश, *ध्रुवराज भट्टराई समेत वि. भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय समेत*

जग्गाको स्वामित्वको प्रमाण तिरो तिरेको रसीद र सर्जमिन हुन सक्दैन । अन्य प्रमाणबाट स्वामित्व प्रमाणित भएमा तिरो तिरेको

प्रमाण र सर्जमिन थप प्रमाण हुन सक्छ। एक पटक होइन तीन पटक नापी हुँदा पनि आफ्नो प्रमाण केही भए पेस गरी नापीमा लेखाउन सक्नुपर्नेमा नापी आउँदा निवेदक नापी टोलीअगाडि नै पर्न सकेको देखिएन । जग्गाको स्वामित्वको मूल प्रमाण रहने कार्यालय मालपोत र भूमिसुधार कार्यालय हुन । व्यक्तिसँग भएको प्रमाणलाई सरकारी कार्यालयमा रहेका प्रमाणले Corroborate गर्ने हो। तर यसमा त निवेदकले आफूसँग छ भनेको प्रमाणको अस्थित्व नै अभिलेख राख्ने कार्यालयमा समर्थित तथा प्रमाणित हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं.२५०८, उत्प्रेषण परमादेश, *ग्राण्ड होटल प्रा.लि. वि. होमबहादुर खड्का समेत*

चोरी हुन कारोवार गोप्य हुन्छ । चोरीमा लिने खाने वद्नियत रहेको हुन्छ। चोरी गर्दा Record गरेर गरिदैन । तर यसमा होटलको खाताबाट अभिजीतको नाममा वढी रकम असूलउपर हुनुपर्ने भन्ने देखिएपछि यस्तो कार्यलाई चोरी भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको रिट नं. ३८१५, उत्प्रेषण समेत, *ग्राण्ड होटल प्रा.लि. वि. होमबहादुर खड्का समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं.३८५८, उत्प्रेषण समेत, *गणेशबहादुर वि.क. वि. जिल्ला प्रहरी कार्यालय वर्दिया समेत*

सार्वजनिक सरोकारको विवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरुपण गर्न दायर भएको नभई निजी हक प्रचलन गराइ पाऊँ भनी परेको देखिँदा निजी हक प्रचलनसम्बन्धी निवेदनमा निवेदकले अदालतमा निवेदन दर्ता गराई तारेख गुजारी वस्छ भने अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

२०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं.८३८६, घर भाडा दिलाई घर खाली गराई पाऊँ, *लालबहादुर विश्वकर्मा वि. निलकुमारी उपाध्याय भट्टराई*

न्यायको मान्य सिद्धान्त तथा हाम्रो प्रमाण कानूनले जुन कुराको अस्तित्वको बारेमा अदालतलाई विश्वास दिलाउन पर्छ त्यस्तो कुराको प्रमाण पुऱ्याउने भार जिकीर लिने व्यक्तिमा नै रहने।

आफ्नो हक नपुग्ने अर्काको घर जग्गामा प्रतिवादी रहे वसेको देखिँदा वादी दावीबमोजिम घर खाली गराई चलन पाउने तथा वहालका सम्बन्धमा वहालको दररेट शर्तसम्बन्धी कुनै कागज प्रमाण वादीले पेश गर्न नसकेको स्थितिमा सो हदसम्म दावी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती**, २०६१ सालको रिट नं.३४११, उत्प्रेषण परमादेश समेत, *लक्ष्मी वज्राचार्य वि. भूमिसुधार कार्यालय ललितपुर समेत*

न्याय सम्पादन गर्ने क्रममा परिणाममा जति सुकै राम्रो नतिजा निस्के पनि त्यसको Process मा कुनै स्यानो त्रुटि रहन गयो भने त्यसले निर्णयको वजन शून्यमा पुराउँदछ । न्यायसम्पादन गर्ने निकायले मुद्दाको कारवाहीको सिलसिलामा हरेक

Step Step मा निष्पक्षता पारदर्शिता र completely lawful precedure को प्रत्याभूति दिनु पर्ने ।

प्रस्तुत मुद्दामा भूमिसुधार कार्यालयबाट भएको काम कारवाहीमा कार्यविधिगत पक्षमा निवेदकले प्रश्न उठाइसकेकी र उठाएको प्रश्नमा वल पुग्ने स्थिति विद्यमान रहेकाले यस स्थितिमा Complete due process नअपनाई भएको भूमिसुधार कार्यालयको निर्णयले वैधता पाउन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गौरी ढकाल**, २०६१ सालको रिट नं. ३३८०, उत्प्रेषण परमादेश, *अति उल्लाह मिया अन्सारी वि.वारा जिल्ला अदालत समेत*

आफ्नै कारणले कानूनद्वारा निर्धारित उपचारको मार्ग अनुशरण गर्न विलम्व गरेको अवस्थामा अदालतबाट कानूनबमोजिम भएको कार्यलाई विलम्व गरी परेको रिट क्षेत्रबाट उपचार प्रदान गर्न नमिल्ने ।

निवेदकको नाममा तामेल भएको म्याद अ.वं. ११० नं. को रीत पुगी निजको नाममा तामेल भएको अवस्थामा म्यादभित्र प्रतिवाद नगरी अदालतबाट एकतर्फी फैसला भएकोमा अ.वं. २०८ नं. को वैकल्पिक उपचारको उपाय पनि अवलम्बन नगरी सो म्याद गुजारिसकेपछि मात्र रिट निवेदन दायर भएको देखिँदा रीतपूर्वक तामेल भएको म्यादमा निज स्वयंले प्रतिवाद नगरेबाट निजलाई सुनुवाइको मौका नदिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल माघ ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम**, २०६५-CR- ०२४२, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुरेश परियार*

जबरजस्ती करणी भएको भन्ने तथ्यलाई पीडितको शारीरिक परीक्षण प्रतिवेदन समेतले समर्थन गरेको नदेखिएको अवस्थामा लिंगको स्पर्शलाई मात्र आधार मानेर जबरजस्ती करणीको अपराध मान्ने हो भने जबरजस्ती करणीको उद्योगको परिभाषा नै लुप्त भै विधायिकी उद्देश्य नै समाप्त हुन जाने । योनीमा लिंगको आंशिक प्रवेश नभएको अवस्थामा पनि करणी गरेको ठहर्छ भन्न जबरजस्ती करणीको १ नं. को परिभाषाबाट नदेखिने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम**, २०६५-CR- ००५८, जबरजस्ती करणी, *राजेन्द्र महतो कोइरी वि. नेपाल सरकार*

मौकामा व्यक्त गरेको कुरालाई जस्ताको त्यस्तै बकी अदालतमा समेत बकपत्र गरी दिएको अवस्थामा निजको भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमेजिम प्रमाणमा ग्राह्य हुने ।

संरक्षकको भूमिका निर्वाह गर्नुपर्ने काका जस्तो व्यक्तिले पीडित वर्ष ४ की आफ्नै भतिजीलाई ललाई फकाई जबरजस्ती करणी गरेको अवस्थामा हाडनाता करणीको महलबमोजिम थप सजाय गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम**, २०६२ सालको रिट नं. २७४३, उत्प्रेषण परमादेश, *दीपक राई वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय वागमती अञ्चल समेत*

निवेदकलाई वरावर अनुशासनहीनता गरेको भनी कानूनद्वारा तोकिएको अधिकारी प्रहरी उपरीक्षकबाट आरोप र सोको आधार समेत खुलाई पहिलो पटक स्पष्टीकरण माग गरी निजको स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी सजाय समेत किटान गरी निजै अधिकारीबाट पुनः स्पष्टीकरण माग गरेपछि मात्र नोकरीबाट हटाउने निर्णय भएको सम्बन्धित सक्कल फाइलबाट देखिएकाले कानूनबमोजिम नोकरीबाट हटाउन पाउने अधिकारीबाट विधिसम्मत तरीकाबाट भए गरेको कारवाही निर्णयबाट निवेदकको संविधान प्रदत्त हकमा आघात पुगेको भन्न र सम्झन नमिल्ने ।

इजलास अधिकृतः हरिशचन्द्र इङनाम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती**, २०६१ सालको दे.पु.नं.८२९४, अंश दर्ता, *शिवनाथ साह कानू वि. विश्वनाथ साह कानू*

मा.न्या.रामकुमार प्रसाद शाहको रायः

अदालतबाट एक पटक टुङ्गो (Settle) भैसकेको मुद्दाको विवादको विषय (Issue) लाई पुनः न्यायिक निरोपण गर्दै जाने हो भने अनन्तकालसम्म पनि अदालतबाट मुद्दाको किनारा भै विवादको टुंगो लाग्न नसक्ने ।

पुनरावेदन अदालतका फैसलापश्चात् वादी दावीबमोजिम अंश लाग्ने जग्गाको बण्डा छुट्याउने कार्यसम्पन्न भइसकेको अवस्थामा सो बण्डा छुट्याउने कार्य बेरीत वा कानून विपरीत भए सो उपर मुलुकी ऐन अ.वं. १७ नं.एवं दण्ड सजायको ६१ नं. समेतको प्रक्रियाबमोजिम बदर गराउनु पर्ने ।

मा.न्या.भरतराज उप्रेतीको रायः

शुरु जिल्ला अदालतका फैसलाउपर परेको पुनरावेदनमा correctional jurisdiction समेत प्राप्त पुनरावेदन अदालतले मुद्दासँग सम्बन्धित शुरु अदालतले न्यायिक निरुपण गर्न छुटाएको विवादित विषयहरूसँग आवद्ध तथ्यहरू र सम्बन्धित कानूनको विषयमा पूर्ण छलफल गरी विवादको निर्क्यौल गर्नुपर्ने ।

वास्तवमा संविधान र कानूनको अन्तिम व्याख्या गर्ने, अभिलेख अदालत (Court of Record) को रुपमा रहेको, मातहतका अदालतबाट भए गरिएका कारवाही तथा निर्णयको सुपरीवेक्षण गर्ने अधिकार प्राप्त यस अदालतले विवादका पक्षहरूले पूर्ण न्याय प्राप्त गरेको अनुभूति प्राप्त गर्ने गरी न्याय सम्पादन गर्ने संवैधानिक एवं कानूनद्वारा तोकिएको कर्तव्य र जिम्मेवारीबाट विमुख रहन नहुने ।

माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको रायसँग सहमत हुन नसकेकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल पुस १ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती**, २०६५-CI-०८४६, परमादेश, *रजाक मियाँ वि.सुनसरी जिल्ला अदालत समेत*

अख्तियारवालाले अनुमतिको लागि निवेदन परेको अवस्थामा सम्पूर्ण तथ्यलाई विश्लेषण गरी अनुमति दिन हुन्छ वा हुँदैन भनी निर्णय गर्नुपर्ने देखिन्छ । अनुमतिको लागि निवेदन पर्दैमा अनुमति दिनै पर्छ भन्ने अनिवार्यता कानूनले नगरेको अवस्थामा परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः सुदीप दंगाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६-RC-००२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर डाँगी*

अभियोग माग दावीलाई जाहेरी दरखास्त घटनास्थल प्रकृति मुचुल्का, लाश जाँच प्रकृति मुचुल्का, मौकामा वुझिएका मानिसहरूले गरिदिएको कागज, Austopsy Report, जाहेरवालाको वकपत्र एवं प्रतिवादीको मौका तथा अदालतको वयान समेतबाट समर्थित भइरहेको अवस्थामा शुरु जिल्ला अदालतले प्रतिवादीलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६-RC-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खुशीराम थारु*

जाहेरी दरखास्त, प्रतिवादीको मौका एवं अदालतको वयान, घटनास्थल लाश जाँच मुचुल्का, घटना विवरण कागज गर्ने मानिसहरूको मौकाको भनाइ एवं अदालतको वकपत्र समेतलाई मृतकहरूको शव परीक्षण प्रतिवेदनले समर्थन गरिरहेकाले प्रतिवादीले अभियोग माग दावीबमोजिम आफ्नै श्रीमती र छोरीलाई धारिलो हतियार वञ्चरो प्रहार गरी कर्तव्य गरी मारको प्रमाणित हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्रवणकुमार चौधरी*

प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम हर्षुको बकपत्र हुन नसकेको भएपनि निज सो काम, घटना वा अवस्था प्रत्यक्ष देख्ने थाहा पाउने व्यक्ति हुनुको साथ साथै सो काम घटना वा अवस्थाबाट पीडित व्यक्ति समेत भएको हुँदा निजले मौकामा व्यक्त गरेको कुरा सोही ऐनको दफा १० बमोजिम प्रमाणमा लिनुपर्ने नै हुँदा यस्तो अवस्थामा वारदात समयमा आफू अन्यत्र भएको भन्ने प्रतिवादीको जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६-RC-००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवी गिरी*

मृत्युको कारण सम्बन्धमा शव परीक्षण गर्दा कारण खुलाएको नभै भिसेरा प्रतिवेदन जाँचको लागि पठाएको भए पनि त्यसबाट समेत मृत्युको कारण खुलाउन नसकेको भए पनि संलग्न प्रमाणहरू वरामदी मुचुल्का, मौकामा कागज गर्ने मानिसहरूले अदालतमा समेत आई गरिदिएको बकपत्र समेतबाट प्रतिवादीको मौकाको साविती वयानलाई समर्थन गरिरहेको देखिएकोले प्रतिवादी निर्दोष रहेको मान्न नसकिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोते सुनार*

मृतकलाई प्रतिवादीले कुटपीट गरी मारेको देख्ने प्रत्यक्षदर्शी साक्षीको अभाव भए पनि मृतकको लाश वरामद भएको स्थान, निजको शव परीक्षण प्रतिवेदन, जाहेरवाला लगायत मौकामा कागज गरिदिने मानिसहरूको भनाइ एवं निजहरूले अदालतमा उपस्थित भई गरिदिएको वकपत्र, मृतक र प्रतिवादी श्रीमान श्रीमती बीच झगडा भइरहने हुँदा पूर्व रिसइवी रहेको भन्ने जस्ता परिस्थितिजन्य प्रमाणहरूले प्रतिवादीको मौकाको साविती वयानलाई समर्थन गरिदिइरहेको अवस्थामा प्रतिवादी निर्दोष रहेछन भन्न नसकिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६६-RC-००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिलकबहादुर पुन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६५ सालको दे.पु.नं.CI-०४०४, अंश दपोट, *मोहम्मद जमिल खाँ वि. दिव्यरत्न वज्राचार्य*

अंशबण्डाको कानूनी व्यवस्थाअनुसार दायदाती दिनुपर्नेले तायदाती दिँदा आफ्नो जिम्माको वण्डा गर्नुपर्ने चल अचल ऋण धन श्रीसम्पत्तिको तायदाती दिनुपर्नेमा प्रस्तुत मुद्दामा प्रतिवादीले आफूले जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरी नसकेको सम्पत्तिको तायदाती पेश नगर्दैमा निजले उक्त सम्पत्ति दवाउन छिपाउनकै लागि पेश नगरेको हो भन्ने अर्थ गरी दपोट ठहर गर्नु न्यायको सिद्धान्त विपरीत हुन जाने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६३ सालको दे.पु.नं.८०२, अपुताली हक कायम दर्ता बदर, *खड्गबहादुर सारु मगर वि. जीवलाल सारु मगर समेत*

मुलुकी ऐन अपुताली महलको ६ नं. ले सगोलमै रहे भएका अवस्थामा कुनै अंशियारको मृत्यु भएमा वाँकी सगोलकै अंशियारले अपुताली पाउने र अघि भिन्न भएकाले नपाउने स्पष्ट व्यवस्था गरेको पाइँदा २०२२ सालमा नै भिन्न भइसकेका पुनरावेदक प्रतिवादीले वावु आमाको भागको दावीको कि.नं. का जग्गाबाट अपुताली नपाउने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा**, २०६२ सालको फौ.पु.नं. ३५१४, २०६३-CR-०३८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खेमबहादुर पुन समेत*

जाहेरवाली प्रत्यक्षदर्शी साक्षी नभएको र निजले भनेको सुनेको आधारमा शंका एवं अनुमान गरी दिएको देखिँदा निजको भनाइले प्रमाणिक स्थान ग्रहण गर्न नसक्ने ।

प्रतिवादीहरू आरोपित कसूर गरेकोमा मौका एवं अदालत दुवै ठाउँमा पूर्णतः इन्कार देखिन्छन् । मृतकलाई कर्तव्य गरी मार्नमा प्रतिवादीहरूको संलग्नता थियो भनी कसैले पोल उजूर गर्न नसकेको, प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी मनसाय रहे भएको भन्ने कहिँकतैबाट देखिन आएको पनि पाइदैन । यसरी वादी नेपाल सरकारले प्रतिवादीहरू माथि लगाएको अभियोग दावी विश्वसनीय र भरपर्दो प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा पुनरावेदन अदालतले सफाई दिएको फैसला परिवर्तन गरिरहनु नपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ १९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा**, २०६३-WO-०५३८, उत्प्रेषण परमादेश, *किसुन चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

एकाको नाममा स्रेस्ता कायम रहेको अवस्थामा विधिवत रुपमा स्रेस्ता कायम भएको जग्गाधनीलाई उसको हक स्वामित्व बारे आफ्नो कुरा राख्ने अवसर नै नदिई साम्पत्तिक अधिकारबाट वञ्चित गर्ने गरी डिभिजन सडक कार्यालय समेतबाट भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत देखिँदा उक्त निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः सुदीप दंगाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम**, २०६४-RC-०२७६, ०२५२, ०२५८, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. राज महर्जन, प्रविणकुमार तिवारी वि. नेपाल सरकार, रामदीप महतो वि. नेपाल सरकार*

प्रतिवादीको साथबाट लागू औषध बरामद नभएको, लागू औषध बिक्री गर्दै गर्दा पक्राउ परेको भन्ने नदेखिएको र ढक तराजु साथबाट बरामद हुनु आफैमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गतको प्रतिवन्धित कसूर मान्न नसकिने ।

इजलास अधिकृत: पुष्पराज थपलिया
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम**, २०६३-CR-०५५२, कर्तव्य ज्यान, *अर्जुनकुमार भट्टराई वि. नेपाल सरकार*

संलग्न प्रमाणहरू, जाहेरी दरखास्त, मौकामा कागज गर्ने मानिसहरूको भनाइ, शव परीक्षण प्रतिवेदन, साक्षीको वकपत्र, मृतकको रेकर्ड गरिएको भनाइबाट पुनरावेदक प्रतिवादीको मौकाको वयानलाई समर्थन गरिरहेको हुँदा मृतकले स्वयं आफ्नो शरीरमा आगो लगाएको नभई पुनरावेदक प्रतिवादीले नै निजलाई कुटपीट गरी वेहास भएपछि निजको शरीरमा आगो लगाई दिएको भन्ने तथ्य स्थापित भएकोले पुनरावेदक प्रतिवादी निर्दोष रहेछन भनी मान्न नमिल्ने ।

इजलास अधिकृत: पुष्पराज थपलिया
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम**, २०६४-CR-००६७, लागू औषध, *श्याम वर्णवाल वि. नेपाल सरकार*

जुन तथ्यलाई पुनरावेदकले खण्डन गरी आफ्नो निर्दोषिताको प्रमाण पेश गर्न सकेको पाइदैन । यसरी समान उद्देश्यले निर्देशित भएर साथै कार्य गरिरहेको भन्ने देखिइरहेको स्थितिमा मेरो साथबाट लागू औषध बरामद नभएको हुँदा निर्दोष छु भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: पुष्पराज थपलिया
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६१ सालको रिट नं. ३०२७, उत्प्रेषण समेत, *होटल एभरेष्ट इन्टरनेशनल लि. वि. श्रम अदालत समेत*

श्रम ऐनले समेत सेवा सुरक्षा प्रदान गरेको स्थायी कर्मचारीलाई अवकाश दिँदा सोही ऐनबमोजिमको प्रक्रिया समेत नअपनाई निवेदक र भक्तबहादुर बीच भएको declaration लाई आधार मान्न मिलेन । करारको शर्तलाई टेकेर सिंगो ऐनलाई निस्तेज गर्न नमिल्ने ।

कानूनबमोजिम अमुक कार्य गरेबापत रीत पुऱ्याई कारवाही नगरी declaration को प्रत्याभूतिलाई इन्कार गरी अवकाश दिने गरको कार्य कानूनसंगत नदेखिएको अवस्थामा सो निर्णय उपर भक्तबहादुरले श्रम ऐन, २०४८ को दफा ६० बमोजिम श्रम अदालतमा दिएको पुनरावेदन लाग्न सक्ने नै देखियो । यसरी कानूनले तोकेको प्रक्रियाबमोजिम पुनरावेदन सुनी श्रम अदालतबाट निर्णय भएको अवस्थामा उक्त निर्णय अधिकारक्षेत्रविहीन भएको भन्ने जिकीर समेत युक्तिसंगत नदेखिने ।

इजलास अधिकृत: सुदिप दंगाल
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६६ साल पुस ७ गते रोज ३ शुभम् ।

## इजलास नं.७

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम**, २०५९ सालको दे.पु.नं.८१७८, निर्णय दर्ता बदर समेत, *जीतबहादुर श्रेष्ठ वि. चैनभक्त जोशी*

घरसारको लिखतलाई जालसाज भनी वयान गरेतापनि सोमा लागेको कारिणीको ल्याप्चेलाई अन्यथा भन्न नसकी स्वीकार गरेको विरोधाभाषयुक्त वयानका आधारमा सो लिखतलाई जालसाज भन्न नसकिने ।

आफ्नो हक नै नपुग्ने जग्गामा लिएको दावीका आधारमा मात्र विवादित घरजग्गामा हक कायम हुन नसक्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ मंसिर २ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको फौ.पु.नं.००२५, क्षतिपूर्ति, *वैकुण्ठ दाहाल वि. जयनारायण नेपाल समेत*

थुनामा वस्दा कुटपीट वा शारीरिक यातना दिए मात्र यातना हुने होइन । थुनामा बस्ने कार्यबाट स्वभाविक रुपमा नै मानिसक यातना हुने हुँदा वादीलाई एघार दिनसम्म गैरकानूनी रुपमा हिरासतमा नजरवन्द गरी राख्ने कार्यबाट स्वतः यातना दिएको पुष्टि हुँदा निवेदकले नजरवन्दमा बस्दाको अवधिको क्षतिपूर्ति माग गरेको सम्बन्धमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ८ बमोजिम पीडित व्यक्तिलाई पर्न गएको शारीरिक मानसिक पीडा र त्यसको गम्भीरतालाई विचार गरी निजले क्षतिपूर्ति नपाउने भन्न नमिल्ने ।

केवल थुनामा राख्नुपर्ने उचित र पर्याप्त कारण नखुलाएको, कानूनको रीत पुऱ्याई थुनामा राखेको नदेखिएको भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएको अवस्था देखिए पनि अधिकार प्राप्त अधिकारीले आफूलाई दिएको अधिकार प्रयोग गरी थुनामा राखेको कार्यबाट विभागीय कारवाही र सजाय गर्नुपर्ने अवस्था सिर्जना हुन नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ माघ २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं.९४०७, अंश दर्ता, *जमुनीदेवी नायक समेत वि. रामचन्द्र नायक*

शुरु अदालतबाट तायदाती पेश गर्ने आदेश हुँदा प्रतिवादीहरूले वादीकी पत्नी भनी किरणदेवी नाम दर्ताको विवादित कि.नं. २६१ को जग्गा समेत अंश हक लाग्ने हो भनी उल्लेख गरेकोमा शुरु जिल्ला अदालतको आदेशानुसार निज किरणदेवीलाई अ.वं. १३९ नं. बमोजिम झिकाई तारेखमा राखेकोसम्म देखिँदा निजले वादीको श्रीमती हुँ भनी शुरु अदालतमा वयान गरेको भई मिसिल प्रमाणबाट निज किरणदेवी वादीको हाँगाको अंशियार पत्नी देखिन आएको र प्रतिवादीको छोरा वुहारी र भाउजु नाताको व्यक्ति देखिन आएको अवस्था हुँदा अंशबण्डाको महलको १ नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादीसरहका जिय जियैको अंश गर्नुपर्ने मूल अंशियार हुन भन्न नमिल्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ मंसिर २८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६१ सालको दे.पु.नं.८६६३, ८६६४, वकसपत्र दर्ता बदर दर्ता, *जमुनीदेवी नायक समेत वि. रामचन्द्र नायक* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं.८

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६६ सालको WO-०३१४, उत्प्रेषण समेत, *राजु शाही वि. दिवाकर शाही समेत*

सुनुवाइको मौका पाएर पनि प्रतिवाद नगरेकै कारण सुनुवाइको मौका नै पाएन भन्न नमिल्ने ।

जिल्ला अदालतबाट अंश मुद्दामा जारी भई तामेल भएको म्याद समेतबाट निवेदिकाले सुनुवाइको मौका प्राप्त गरिसकेको देखिँदा प्राकृतिक न्यायको उल्लंघन वा उपेक्षा भएको

नदेखिनुका साथै कानूनबमोजिम भएको काम कारवाहीबाट यी निवेदिकाको कानूनी संवैधानिक हक माथि आघात भएको अवस्था समेत नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल चैत्र १३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६४ सालको रिट नं. WO-०६९९, उत्प्रेषण परमादेश समेत, *सम्राट तुम्वाहाङ्फे वि. मकवानपुर जिल्ला अदालत समेत*

निवेदकका नाममा जारी भई तामेल भएको भनिएको उल्लिखित म्यादमा वावुको नाम फरक परेको, तामेल भएको मिति, ठाउँ र प्रक्रिया स्पष्ट नभएको तथा तामेलदारको नाम पनि स्पष्ट उल्लेख नभएबाट उक्त म्याद मुलुकी ऐन अ.वं. ११० नं. को कार्यविधि पूरा गरी जारी र तामेल भएको भन्न नमिल्ने ।

कानूनले व्यवस्था गरेको रीत र प्रक्रिया पूरा गरी द्विविधारहित रुपमा म्याद तामेल भएमात्र प्रतिवादीले प्रतिवाद गर्न मौका पाएको मान्नुपर्ने हुन्छ । कानूनको रीत र प्रक्रिया नपुऱ्याई तामेल भएको म्यादबाट प्रतिवाद गर्ने मौका पाएको भन्न नमिल्ने ।

वेरीतको तामेली म्यादको आधारमा भएको लेनदेन मुद्दाको फैसला र सो फैसला कार्यान्वयन समेतका सम्पूर्ण काम कारवाही कानून विपरीत भई कायम रहन नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल चैत्र १३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको CR-०६२३, जालसाजी, *देवकला खरेल वि. कुमकुमारी खरेल समेत*

कानूनले नागरिकता प्रमाणपत्र लिएकै दिन अंश लिने समेतका कार्य गर्न नमिल्ने भनी निषेध गरेको देखिदैन । मालपोत कार्यालयका कानूनले अख्तियार दिएका अधिकारीसमक्ष भएको लेनदेनलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

छोरी संरक्षक बसी अंशबापत नगदै लेनदेन गरी लिखत पारित भएको अवस्थामा तिनै छोरीको छोरी संरक्षक वनी मालपोत कार्यालयका मालपोत अधिकारीसमक्ष भएको लिखतलाई आफ्नो मन परिवर्तन भएको वेला जालसाजी लिखतको दावी गर्नु कानूनसम्मत नहुने ।

इजलास अधिकृतः राजन वास्तोला

इति संवत् २०६६ साल चैत्र १३ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५ सालको CR-०७४०, निर्णय दर्ता बदर अपुताली हक कायम, *देवकला खरेल वि. कुमकुमारी खरेल समेत*
- २०६५ सालको CR-०७३९, लिखत बदर, *देवकला खरेल वि. कुमकुमारी खरेल*
- २०६५ सालको CR-०७३८, अंश, *देवकला खरेल वि. कुमकुमारी खरेल समेत*

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६३ सालको CI-०४६४, बकसपत्र लिखत दर्ता बदर, *वालकुमारी अहिर समेत वि. सरिताकुमारी अहिरनी समेत*

पुनरावेदकहरू एकआपसमा २०५६ सालमै छुटि भिन्न भैसकेको भन्न र मान्न सकिने अवस्था समेत नदेखिएबाट विवादित सम्पत्तिमा वादीहरूको अंश हक निहीत नरहेको भन्न मिल्ने अवस्था भएन । दावीको वकसपत्रको सम्पत्तिमा २ भागको १ भाग मध्येबाट ६ भागको ३ भागमा वादीहरूको अंश हक रहेको देखियो । अतः उक्त जग्गामा वादीहरूको हक पुग्ने होइन भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल पुस २२ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको CI-०४६५, वकसपत्र लिखत दर्ता बदर, *वालकुमारी अहिर समेत वि. सरिताकुमारी अहिरनी समेत*
- २०६३ सालको CI-०४६६, अंश नामसारी, *वालकुमारी अहिर समेत वि. सरिताकुमारी अहिरनी समेत*

## इजलास न. ९

१

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम**, २०५९ सालको दे.पु.नं. ९८७०, दर्ता बदर खिचोला मेटाई हक कायम, *नक्कली महर्जन वि.पदम केशरी श्रेष्ठ समेत*

प्रतिवादीका पति पिताले २००८ सालमा अंशबण्डाबाट प्राप्त गरेको निजकै नाममा सर्भे नापीमा नाप जाँच भएको, मोहीमा नापीकै समयदेखि मखनबहादुर महर्जन जनिएको, २००८ सालको बण्डापत्रमा उल्लिखित किल्ला र अदालतबाट भएको नक्सामा देखिएको किल्ला एकआपसमा मिले भिडेको देखिएको, प्रतिवादीको भोग २००८ सालदेखि नै निरन्तर रही केही जग्गामा घर टहरा निर्माण गरी भाडामा समेत दिएको, सा.कि.नं. १७ कै जग्गामा प्रतिवादीहरूले बनाएको घर टहरालाई वादीले अन्यथा भन्न नसकेको, वादीकै जेठा छोराले विवादित जग्गामा कुनै सरोकार र सम्बन्ध नै नरहेको भनी यस अदालतमा निवेदन दिएको र वादी स्वयंले भूमिसुधार कार्यालयमा दावीको जग्गामा आफ्नो जोतभोग र सरोकार नभएको भनी पेश गरेको लिखित वयानलाई यस अदालतबाट अ.वं. ७८ नं. बमोजिम वयान गराउँदा अन्यथा भन्न नसकेको अवस्थामा दावीको जग्गासँग चार किल्ला नभिड्ने र मोही समेत अर्कै व्यक्ति भन्ने देखिने २००९ सालको लगतको आधार मात्रले वादीको दावी पुष्टि हुन नसक्ने ।

इजलास अधिकृत: दीपककुमार दाहाल

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं. ९८७२, फैसला बदर, *नक्कली महर्जन वि.आशामाया महर्जन*
- २०६१ सालको दे.पु.नं. ९८७१, नामसारी फैसला बदर, *नक्कली महर्जन वि.आशामाया महर्जन समेत*
- २०६१ सालको दे.पु.नं. ९८७३, बण्डापत्र दर्ता बदर, *नक्कली महर्जन वि.पदमकेशरी श्रेष्ठ समेत*

२

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं. ९१४६, हक कायम समेत, *ज्ञानमति अहिरनी वि. मैनादेवी यादव समेत*

श्यामदुलारीको समेत मृत्यु भएपछि शेषपछिको बकसपत्र प्राप्त गर्ने रामविसुन र श्यामदुलारीको छोरी ज्ञानमतिले मुद्दा सकार गरेकोमा दुलराज र निजको श्रीमती जीवित रहेकै अवस्थामा आफ्नो हक हिस्साको सम्पत्ति खान पाउने गरी रामविसुनलाई बकसपत्र पारित गरी दिएकोमा दुलराजको मृत्यु भएपछि उक्त लिखत बदरतर्फ श्यामदुलारीले कुनै कारवाही चलाएको देखिएन । साथै सो बकसपत्रको लिखतको अस्तित्वलाई स्वीकारेकी र निज श्यामदुलारीको पनि मृत्यु भइसकेकाले सो बकसपत्र सदर हुने ठहरेको समेत आधारमा दुलराज एवं श्यामदुलारीको शेषपछि निजहरूको अंश हक सम्पत्तिमा बकसपत्र प्राप्त गर्ने पुनरावेदक रामविसुन यादवको हक स्थापित हुने भै तीन भागको एक भागमा निजको हक कायम भै अपुताली प्राप्त हुने ।

इजलास अधिकृत: खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको दे.पु.नं. १०६७, अपुताली, *मैनादेवी यादव समेत वि. सर्वती यादव*

अपुताली प्राप्त गर्न जो मरी अपुताली परेको हो सो व्यक्तिको नाउँमा सम्पत्ति नै हुनुपर्छ वा निज छुट्टि भिन्न हुनुपर्छ भनेर व्याख्या गर्नु न्यायसंगत नहुने ।

सम्पत्तिमा प्रकट मात्र होइन अन्तरभूत अधिकार पनि रहन्छ । अन्तरभूत अधिकारले पनि प्रकट अधिकार सरहकै कानूनी हैसियत राख्दछ । सम्पत्ति कुनै एक व्यक्तिको नाममा हुन्छ । यसको अर्थ त्यो प्रकट व्यक्तिमात्र सो सम्पत्तिको मालिक हो भन्ने हुँदैन । त्यो सम्पत्तिमा अन्य सगोलका अंशियार हकवाला समेत अन्तर्भूत अधिकारवालाको हक रहन्छ । अपुताली पनि यस्तै साम्पत्तिक हक हो । कोही व्यक्ति मर्दैमा सम्पत्ति मर्दैन, सम्पत्तिमा रहेको हक लोप नहुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६० सालको दे.पु.नं.८७०७, बकसपत्र बदर, *मैनादेवी यादव समेत वि. रामविसुन यादव*
- २०६० सालको दे.पु.नं.३२७२, कीर्ते जालसाजी, *मैनादेवी यादव समेत वि. ललित यादव समेत*

४

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको रिट नं. ३४६५, उत्प्रेषणयुक्त परमादेश, *मैनादेवी यादव समेत वि. पुनरावेदन अदालत बुटवल समेत*

बण्डा छुट्याउँदाको क्रममा डोरमा उपस्थित हुनका लागि निवेदक समेतलाई तारिख तोकेको अवस्थामा रोहवरमा निवेदकहरू उपस्थित नभएको, तोकिएको तारिखमा उपस्थित नहुनुको लाभ निवेदक पक्षले लिन पाउने देखिँदैन । सफा र शुद्ध हात नलिई अदालत प्रवेश गर्ने निवेदन विचारणीय हुँदैन । कि.नं. २३७८ को तर्फ मिलेन भनी निवेदन दिएकोमा सो कित्ता नं. कायम नभएको कारणबाट मुचुल्का बदर नभएको स्थिति पनि देखिएको छ । अत्यन्त गम्भीर कानूनी त्रुटि नभई अदालतको फैसलाबमोजिम भए गरेको काम कुरा उपर रिट क्षेत्रबाट हस्तक्षेप गर्न उपयुक्त नहुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको दे.पु.नं. ०७०७, खिचोला हक कायम, *कविप्रसाद तिमिल्सीना वि. रामकृष्ण लामिछाने समेत*

नापी शाखाबाट कित्ताकाट समेत भइसकेको प्लट रजिष्ट्रर उतारबाट पुष्ट्याई समेत भएकोमा पुनरावेदक वादी र सरस्वती माध्यमिक विद्यालयको नाउँमा कायम भइसकेको दर्ताको जग्गामा एक पटक मालपोत कार्यालयले गरेको निर्णयलाई सोही कार्यालयबाट बिनाआधार प्रमाण अन्यथा गर्नु न्यायसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६६-CR-०४३, हातहतियार खरखजाना लिई भागेको, *वीरबहादुर चन्द वि. नेपाल सरकार*

एक पटक भागी पक्राउ परी गारदमा राखिएको अवस्थामा साँझ वत्ती गएको समयमा डिउटीमा रहेका सशस्त्र प्रहरी जवानको सहयोग लिई रातको मौका पारी पुनः भागेको देखिएकाले निजले जानी जानी नियतवस नै हातहतियार खरखजाना लिई भाग्ने जस्तो गम्भीर प्रकृतिको कसूर गरेको देखिने ।

उद्घाटन समारोहमा सवै व्यस्त भएको वत्ती नभएको रातीको करीव २१:५० वजेको समयमा प्रतिवादी भागी गएको र निज रौतहट जान लाग्दा पोखरा सभागृह चोकमा पक्राउ परी निजले रक्सीको सुरमा मानसिक विक्षिप्तता भई सो घटना

गराएको भन्ने कुरासँग सहमत हुन सकिएन । वारदातको प्रकृति हेर्दा पनि प्रतिवादीले गम्भीर प्रकृतिको कसूर गरेको देखिएकोले अभियोग दावीबाट निजले उन्मुक्ति पाउन नसक्ने ।

इजलास अधिकृतः उद्धव गजुरेल

इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम्

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको दे.पु.नं.०६४५, मोही प्रमाणपत्र, *गोपालभक्त माथेमा वि. रामपुजन यादव*

वास्तविक रुपमा आफ्नो श्रमबाट खेती किसानी गरी मोहीको हैसियतमा जग्गा कमाउने व्यक्तिले लगत भर्न छूट भएकै आधारमा निजलाई मोही हकबाट विमुख गराउन नमिल्ने ।

दर्ता स्रेस्ताका कागजात फिल्डवुक तथा स्वयं मोहीको रुपमा स्वीकार गरी कुतबाली वुझी भरपाई गरी दिएको अवस्थामा लगत भरी अनुसूची प्रकाशित नभएको भन्ने आधारमा मात्र कायम रहेको मोही हक समाप्त गर्न कानूनले आत्मसात गरेको भावना तथा उद्देश्य विपरीत हुने हुँदा युक्तिसंगत नदेखिने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल फागुन १४ गते रोज ६ शुभम्

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको दे.पु.नं.१०८३, कुत मोही, *मोहन मुखिया विन वि. अमरकुमार कलवार*

मोही लागेको जग्गामा विधिवत रुपमा कायम रहेको मोहीलाई निजले कमाई आएको जग्गामा निजको कायम रहेको मेहियानी हक समाप्त गर्न भूमि सम्बन्धी ऐन, २०२१ को चौथो संशोधन २०५३ लागू भएपश्चात् बाली नबुझाएको भन्ने आधारमा कानूनतः नमिल्ने ।

कानूनको आधारमा स्वामित्व स्थापित भैसकेको मोहीलाई ऐनको मनसाय विपरीत सो स्वामित्वबाट वञ्चित गर्न नमिल्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल फागुन १४ गते रोज ६ शुभम्

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको दे.पु.नं.०७२९, मोही लगत कट्टा, *कैलासप्रसाद शाह वि. प्रदीप सुडी*

वास्तविक रुपमा खेती किसानी गरी मोहीको हैसियतमा जग्गा कमाउने व्यक्तिको मोही हक लगत भर्न छुट भएको भन्ने एक मात्र आधारमा आफ्नो हक गुम्न नसक्ने ।

दर्ता स्रेस्ताका कागजात फिल्डवुक तथा स्वयं मोहीको रुपमा स्वीकार गरी कुतबाली वुझी भरपाई गरी दिएको अवस्थामा लगत भरी अनुसूचीमा प्रकाशित नभएको भन्ने आधारमा मात्र कायम रहेको मोही हक समाप्त गर्न कानून तथा न्यायको रोहमा युक्तिसंगत नदेखिने ।

पुनरावेदक वादीले आफ्ना दर्ता स्रेस्ताको कागजातमा उल्लेख भै जनिएको मोहीको अस्तित्व स्वीकार गरी मोहीको हैसियतमा प्रतिवादीले बुझाएको कुत बाली समेत वुझी भरपाई गरिदिएको अवस्थामा सामान्य प्रक्रियागत त्रुटिका आधार कारणले मात्र अन्य प्रमाणको महत्वलाई इन्कार गरी मोही लगत कट्टा गर्न नमिल्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः शम्भुप्रसाद साह

इति संवत् २०६६ साल फागुन १४ गते रोज ६ शुभम्

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं.०७३०, मोही प्रमाण पत्र पाऊँ, *कैलासप्रसाद शाह वि. प्रदीप सुडी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको दे.पु.नं.०८४१, पदाधिकार समाप्त गर्ने सम्बन्धमा, *रामआशिष महतो वि. जिल्ला शिक्षा कार्यालय धनकुटा समेत*

शुरु जिल्ला शिक्षा कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालतको निर्णय उपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्नका लागि अनुमतिको लागि निवेदन गर्नुपर्नेमा सोबमोजिम निवेदन गरेको नदेखिएकोले शुरु

निकायको निर्णय एकतह माथिको पुनरावेदन अदालतबाट सदर भएको अवस्थामा पुनरावेदन लाग्न सक्ने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल पुस ३० गते रोज शुभम्

- यसै लगाउको २०६४ सालको दे.पु.नं.०८४२, परमादेश, *रामआशिष महतो वि. जिल्ला शिक्षा कार्यालय धनकुटा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६१ सालको रिट नं.३३८१, उत्प्रेषण परमादेश, *शान्ति प्रधान वि.भूमिसुधार कार्यालय काठमाडौँ समेत*

समान अंशियारहरू बीच मोही हकको घर जग्गा बाँडफाँड गर्दा कानूनबमोजिम पारित बण्डापत्रअनुसार अलग अलग मोही हकको प्रमाणपत्र प्राप्त गरी पृथक पृथक स्थानमा अस्तित्वमा स्थापित मोहीहरूलाई पुनः एउटै स्थानमा समाविष्ट हुने गरी निर्णय गर्नु उचित नहुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम्

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०५९ सालको रिट नं.३५५०, उत्प्रेषण समेत, *दामोदरप्रसाद पराजुलीको मु.स.गर्ने महेन्द्रप्रसाद पराजुली वि. मन्त्रिपरिषद सचिवालय समेत*

एकै समयमा अधिग्रहण भएका कित्ता नम्बरका जग्गा कुनै जग्गाधनीले बढी र कुनैले कम पाउने गरी निर्णय हुन सक्दैन र सो निर्णय न्यायोचित पनि हुन सक्दैन । यस्ता तथ्यका कुराहरू लोप गरी आफ्नो नाउँको जग्गा अनधिकृत कब्जामा लिएको भनी निवेदन दावी लिएको देखिँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेको भन्ने नदेखिने ।

निवेदकको बढी मुआब्जा पाउने अभिलाषा रहेको अवस्था हो भने पनि समान अवस्थाको कारणले अन्य जग्गाधनी र निवेदकबीच असमान व्यवहार हुने गरी निर्णय गर्न नमिल्ने ।

नेपाल सरकारको लगत कट्टा गर्नेसम्बन्धी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भै जग्गाधनी कायम भै जग्गाधनी दर्ता स्रेस्ता पूर्जा कायम रहेको अवस्थामा जग्गाधनीलाई कानूनबमोजिम मुआव्जा क्षतिपूर्ति दिई जग्गा अधिग्रहण गर्नुपर्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम्

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०५७ सालको रिट नं.३५५९, उत्प्रेषण, *महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रीज (प्रा.) लि. वि. मूल्य अभिवृद्धि कर कार्यालय हेटौँडा समेत*

व्यापार प्रमोशनबापत विक्रेतासँग लिएको रुपैयाँलाई आफ्नो आयमा नजोडेको कारण घटी विक्री कर कायम भएको अवस्थामा महालेखा परीक्षकको विभागबाट वेरुजु औल्याइएको आधारमा पुनः नपुग कर दाखिल गर्न उद्योगलाई कर अधिकृतले पत्राचार गरेको कार्य मिलेकै देखिने ।

उद्योगले आफ्ना उपभोक्ताहरू वा डिलरहरूबाट लिएको रकमको नियमानुसार तिर्नुपर्ने विक्री कर कम दाखिला गरेको कारणबाट कर अधिकृतले छुट हुन गएको तिर्नुपर्ने कर दाखिल गर्न गराउन सक्ने नै देखियो भने सो नतिरेको कारणबाट महालेखा परीक्षकको विभागले वेरुजु देखाउन र लेखा परीक्षण ऐनअनुसार असूलउपर गर्न सक्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल मंसिर २२ गते रोज २ शुभम्

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६१ सालको रिट नं.३४८३, उत्प्रेषण परमादेश, *कृष्णबहादुर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत*

बिदा अधिकार होइन भन्ने कानूनद्वारा अवलम्वित गरिएको प्रावधानमा विवाद गरिरहन

पर्ने देखिदैन। तर कसैको लागि अधिकार सरह सुविधा प्रदान गर्ने कसैको हकमा सोतर्फ आकर्षित गर्ने व्यवधान सरह व्यवहार गर्नेलाई सो व्यवस्था हो भनी कदापि मान्न मिल्दैन र त्यस्तो कार्यलाई नियोजित विभेदभित्र पर्न गई व्यक्ति विशेषको संविधान प्रदत्त हकको प्रतिकूल मान्नु पर्ने।

कसैलाई उही प्रकृतिको छात्रवृत्तिमा विद्या आर्जन गर्न निर्विवाद मौका प्रदान गर्ने र कसैलाई अंकुश लगाई आफ्नो वृत्ति विकासको अवसरबाट वञ्चित गर्ने निर्णयलाई विभेदकारीको संज्ञा दिई असमान व्यवहार प्रदर्शित आचरण मान्नुपर्ने।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम्

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०५९ सालको रिट नं. २७१३, उत्प्रेषणयुक्त परमादेश, *उत्तम हमाल समेत वि. मन्त्रिपरिषद्‌को सचिवालय समेत*

विभिन्न प्रशासनिक निकायबाट हुने तोक आदेशका भरमा व्यक्तिको हक स्वामित्व तथा कानूनी अधिकारको सिर्जना हुन नसक्ने सर्वविदित तथ्य भएकोमा २०२० सालमा वन सीमाना डिमार्केसन भित्र परेको तत्काल कानूनद्वारा निर्धारित उपचारको अवलम्बन गरी हक पुनः स्थापित गराउनु सक्नुपर्नेमा आफ्नो अधिकार तथा कर्तव्यप्रति मौकामा जागरुक वा सचेष्ट नभएका निवेदकलाई अन्ततः अदालत प्रवेश गरेको देखिँदा मौकामा आफ्नो अधिकार उपभोगमा उदासिनता देखाई वस्ने निवेदकहरूलाई २०२० सालमा वन सीमाभित्र पारेको जग्गा सम्बन्धमा २०५९ सालमा आएर उपचार प्रदान गर्न विलम्बको सिद्धान्त समेतले सहयोग नगर्ने हुँदा असाधारण अधिकारक्षेत्रको दायराभित्र समाहित गरी सहयोग गर्न नसकिने।

इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल मंसिर २१ गते रोज १ शुभम्

१२

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६० सालको फौ.पु.नं.२९९१, ३४७७, जालसाजी, *उत्तम गौचन समेत वि. हीरा गौचन*

२०४७ सालमा पारित भएको राजीनामालाई २०५१ सालमा फिराद दिई जालसाजी घोषित गरिपाऊँ भनी दिएको फिराद तत्काल प्रचलित मुलुकी ऐन कीर्ते कागजको १८ नं. अनुसार काम कुरा भए गरेका मितिले २ वर्षभित्र दायर भएको नभै सो हदम्याद नाघी दायर भएकाले हदम्यादको अभावमा वादी दावी खारेज गर्नुपर्ने।

इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम्

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८०८०, अंश नामसारी, *उत्तम गौचन समेत वि. हीरा गौचन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ।

१३

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६४ सालको दे.पु.नं. ०७३८, दर्ता बदर गरी सार्वजनिक गरिपाऊँ, *पार्वतीदेवी श्रेष्ठ वि. चिन्तामणि पराजुली समेत*

सर्भे नापी हुँदाका अवस्थामा विवादित जग्गाहरू प्रतिवादीले आफ्नो नाउँमा नापी गराउन छूट भएको भए जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५) को प्रक्रिया अवलम्बन गरी म्यादभित्रै कारवाही गर्नुपर्ने।

विवादित जग्गा क्षेत्रीय किताबमा जंगल जनिएको र नापीका अवस्थामा कुनै विवाद समेत नभएको, जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५) को हदम्यादभित्र उजूर नगरेको र आफ्नो हकको स्रोत अर्थात् २०३२ सालको राजीनामाको लिखत समेत पेश गर्न सकेको नदेखिएको अवस्थामा वन जंगल जनिएको जग्गा कुनै व्यक्ति वा संस्थाले

सिफारिश गरेकै भरमा व्यक्तिको नाउँमा दर्ता हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६३ सालको दे.पु.नं. ०८७६, दाइजो फिर्ता गरिपाऊँ, *सरोजा दाहाल वि. मणिराम ढकाल*

कानूनी व्यवस्थाको बर्खिलाप हुने गरी, गैरकानूनी रुपले दाइजो दिएको होला भनी अन्यथा प्रमाणित नभएसम्म दाइजो फिर्ता पाऊँ भन्ने नामाकरण गरिएको व्यक्तिवादी देवानी मुद्दाको सन्दर्भमा समुचित एवं कानूनसम्मत हुन नसक्ने ।

ऐनको विपरीत हुने गरी दाइजो लिए दिएको भए सो कुरा सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गतको अपराध ठहर हुनुपर्ने र ऐनअनुसार नै कारवाही हुनुपर्ने विषय हुन सक्ने हुनाले समेत सो रकम भन्दा बढी दाइजो लिए दिएको कुरा प्रस्तुत मुद्दाबाट यकीन गर्न नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती**, २०६५ सालको रिट नं. ०९०९, उत्प्रेषण परमादेश समेत, *छत्रमान श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण के.का. समेत*

अन्यथा व्यवस्था भएकोमा वाहेक पुरानो विनियमबमोजिम अङ्क प्रदान गर्न नमिल्ने ।

जुन शिक्षण संस्थाबाट उपाधि प्राप्त गरेको छ सोही संस्थाले ग्रेडिङ गरी प्राप्त अङ्कको आधारमा श्रेणी विभाजन गरी खुलाई रहेको अवस्थामा श्रेणी नखुलेको भनी भन्न र मान्न नमिल्ने ।

कार्यसम्पादन मूल्याङ्कनको आधारमा सम्बन्धित अधिकारीले मूल्याङ्कन गरी अङ्क दिने भएकाले निजलाई किन घटी अङ्क प्रदान गरेको हो भनी रिट क्षेत्रबाट विचार गर्न नमिल्ने ।

- यस्तै प्रकृतिको २०६५ सालको रिट नं. ०२४१, उत्प्रेषण परमादेश समेत, *छत्रमान श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण के.का. समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २५ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं. ९३३७, अंश, *असगर खाँ समेत वि.जिलेदार खाँ को मु.स.गर्ने शेरमहमद खाँ*

अंशबण्डा भइसकेको भन्ने तथ्ययुक्त सबूद प्रमाण वेगर वादी प्रतिवादी बीच अंश भइसकेको रहेछ भनी अनुमान गर्न नमिल्ने ।

१ नं. र ७ नं. फाराम जग्गावालाको हैसियतले जग्गाको विवरण भर्नेसम्मको प्रयोजनको लागि भएकोले उक्त फाराम वेग्ला वेग्लै भर्दैमा अंश नै भइसकेको मान्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री भरतराज उप्रेती**, २०६३ सालको २०६३-WO-३८४, उत्प्रेषण परमादेश, *दुखनीवती देवी वि. पुनरावेदन अदालत राजविराज समेत*

रिट निवेदकले नै आफूलाई चित्त नवुझेको भूमिसुधार कार्यालयको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन गरेको र सो चित्त नवुझेको निर्णय बदर गरिपाऊँ भनी भूमिसुधार कार्यालयमा फैसला बदर मुद्दा दिएको रिट निवेदन कथनबाटै स्पष्ट भएको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की**, २०६४ सालको फौ.पु.नं. ३१४४, भ्रष्टाचार, *धनप्रसाद श्रेष्ठ वि. नेपाल सरकार समेत*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको अपराध हुन योग्यता वा अयोग्यता ढाँटेकोमा त्यसबाट लाभ लिइसकेको वा लिन नपाएको वा नलिइसकेकोले जे सुकै भए पनि परिणामको कुनै असर नहुने ।

आफूलाई फाइदा हुने र संस्थालाई हानि नोक्सानी हुने गरी नक्कली प्रमाणपत्र पेश गरेको हुँदा लाभ नलिइसकेको भन्ने प्रश्नले कुने औचित्यता प्राप्त नगर्ने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ९१४८, परमादेश निषेधाज्ञा, *आशादेवी चौधरी वि.भूदेब चौधरी समेत*

परमादेश मिश्रित निषेधाज्ञाको माग गरी आउँदा आफ्नो स्पष्ट कानूनी हकाधिकार भएको देखाई त्यस्तो हकाधिकारमा आघात भएको कुरा स्थापित गर्न सक्नु पर्ने ।

निवेदिकाको आफ्नो नाममा जग्गा दर्ता भई प्रमाण पूर्जा प्राप्त नगरेको स्थितिमा निजको जग्गामा हकाधिकार सिर्जना हुन नसक्ने ।

कानूनबमोजिम जग्गा दर्ता गरेका वखत हक प्राप्त व्यक्तिले कानूनी उपचार प्राप्त गर्न सक्ने नै हुँदा निवेदिकाको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

२०

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं.९३३५, निर्णय बदर दर्ता गरिपाऊँ, *पूर्णकुमारी वराल क्षेत्री वि. मन्त्रिपरिषद् सचिवालय समेत*

२०३१ सालको नापीमा पर्ति जनिई नाप नक्सा भएको, सो कुरामा मौकैमा उजूर नगरी पतिको मृत्युपश्चात् २०५७ सालमा मात्र विलम्व गरी फिराद गर्न आएको, फिरादमा उल्लिखित चार किल्लाभित्र वादीको १४ धुर जग्गा अलग्गै रहेको अदालतबाट भएको नाप नक्सामा उल्लिखित चार किल्लाबाट पुष्टि हुन नसकेको पुनरावेदक वादीले आफ्नो जग्गा यही हो भनी सबूद प्रमाणसहित भन्न नसकेको जग्गामा निजको हक पुगेको प्रमाण पेश हुन नआएको, एउटै विवादको विषयमा पहिले जिल्ला अदालतमा फिराद गरेपछि पुनरावेदन अदालतमा फिराद दायर गरेको, निर्णय बदर मुद्दामा पुनरावेदन अदालतमा फिराद गर्नुपर्ने मनासिव कारण देखाउन नसकेको समेत आधार र कारणबाट विवादित घर जग्गा २०१० सालमा नम्वरी दर्ताको विज मुठीको डिहीको पुच्छर भन्ने जग्गाको चार किल्लाभित्र भए गरेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

२१

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, २०६४ सालको दे.पु.नं. ८७५७, लेनदेन, *साहेव जान मिया वि. हृदयनारायण प्रसाद साह सोनार*

कुनै पनि भरपाई लिखत तयार गर्दा त्यसको लागि न्यूनतम् आवश्यक कुरा भनेको के कति रकम के बापत वुझेको हो सो प्रष्ट खुलाई रकम अङ्क र अक्षर दुवैमा उल्लेख गरी भरपाई गरिदिनु पर्ने ।

कति रकम ऋण दिएको हो ? सोको के कति रकम ब्याँज भयो र कति रकम वादीले बुझेको हो भन्ने आवश्यक न्यूनतम् कुराहरू समेत उल्लेख नगरी खडा गरिएको भरपाई लिखतलाई विश्वसनीय मान्न नमिल्ने ।

एउटै लिखत परीक्षण गर्ने दुई विशेषज्ञले फरक फरक राय दिए भने त्यो अवस्थामा निर्णयमा पुग्नको लागि अदालतले उक्त विवादित लिखतमा परेको दस्तखत लगायत अन्य मिसिल संलग्न कागज प्रमाणलाई हेर्नुपर्ने ।

पछिल्लो पटक अदालतको आदेशानुसार दस्तखत परीक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा विवादित दस्तखत र नमूना दस्तखतहरू एक आपसमा मिल्दैनन् भन्ने प्रतिवेदन प्राप्त भएको र नांगो आँखाले हेर्दा समेत उक्त विवादित दस्तखत र नमूनाको रुपमा प्रयोग गरिएका दस्तखत एकआपसमा पूर्ण रुपमा मिलेको नदेखिएकोले प्रतिवादीबाट प्रस्तुत गरिएको भर्पाइ विश्वसनीय एवं प्रमाणित नदेखिएकोले वादीले आफूले प्रतिवादीबाट पाउनु पर्ने साँवा व्याँजको रकम पहिले नै भरपाई गरी लिइसकेको देखिन नआउने ।

इजलास अधिकृतः विमल पौडेल

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम्

२२

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती**, २०६१ सालको दे.पु.नं. ८७०६, लेनदेन, *राजेशकुमार देवे वि. मोहनप्रसाद थारु*

विवादित लिखत नै कीर्ते ठहरी निष्क्रिय भइसकेको स्थितिमा साँवा व्याज भरिपाऊँ भन्ने वादी दावी एवं पुनरावेदन जिकीर मनासिव नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम्

## एकल इजलास

१

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WO-०८७४, उत्प्रेषण परमादेश, *वासुदेव वाग्ले वि. गुठी संस्थान के.का. समेत*

मिति २०५०।२।२९ र २०५०।२।२२ का निर्णय बदर गराई माग्न मिति २०६६।१२।८ मा दायर रिट निवेदबाट आफ्नो हकाधिकारप्रति वेवास्ता गरी चूप लागी बस्ने र समयमा उपचार नखोज्नेलाई कानूनले मद्दत गर्न सक्दैन । विलम्वले समन्यायलाई पराजीत गर्दछ भन्ने न्यायको सर्वमान्य सिद्धान्तसमेतको आधारमा पनि निवेदकलाई कानूनले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरःभवानी ढुंगाना

इति संवत् २०६६ साल चैत २० गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WO-०८७३, उत्प्रेषण समेत, *मानबहादुर खड्गी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जन्मदातृ ऐनसँग विनियम बाझियो भनिए पनि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यो निवेदन दायर हुन आएको पाइएन । उत्प्रेषणको माध्यमबाट विनियमको प्रावधान ऐनसँग बाझिएको हो होइन र बाझिएको रहेछ भने पनि विनियमको व्यवस्था बदर हुने वा नहुने सम्बन्धमा विचार गर्न नसकिने ।

पुनरावेदन अदालतको निषेधाज्ञा परमादेशको आदेश फैसलाउपर यस अदालतमा पुनरावेदन गर्ने वैकल्पिक उपचारको विद्यमानतामा कारण देखाउ आदेशसमेत जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २० गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WO-०८६८, उत्प्रेषण परमादेश समेत, *बुधराम खटिक वि. पुनरावेदन अदालत नेपालगञ्ज समेत*

फैसला कार्यान्वयनको क्रममा कुनै पक्षबाट हुन सक्ने छलकपट, बाधा विरोधमा अदालतका काम कारवाही, आदेश सहायक हुन पुग्ने त हुँदैनन भन्ने कुरामा सतर्कता अवलम्बन गर्नैपर्ने । तर, कानूनको ठाडो उल्लंघन नै भएको देखिएको अवस्थामा भने उपल्लो अदालतले उपयुक्त आदेश गर्नैपर्ने ।

ऋण लिँदा घरको मुख्य जानकारको मञ्जूरी नलिएको र भरिभराउको दरखास्त पर्नुभन्दा पहिले नै मिलापत्रबाट निजले प्राप्त गरेको जग्गामा

अर्का व्यक्तिले लिएको ऋणमा लिलाम गरी लिन नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६६ साल चैत २० गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WO-०८७२, उत्प्रेषण प्रतिषेध समेत, *रामनारायण सिँह वि. रामबहादुर चौधरी समेत*

व्यक्तिको संविधान र कानून प्रदत्त हकाधिकार हनन् भएको अवस्थामा अन्य उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा मात्र रिट क्षेत्र आकर्षित हुने ।

फैसला कार्यान्वयनको सन्दर्भमा भएको आदेशको तह तह न्यायिक परीक्षण भइसकेको स्थितिमा अत्यन्त गम्भीर र टड्कारो कानूनी त्रुटि नै देखिएको अवस्थामा बाहेक सबूद प्रमाणको मूल्याङ्कन हुन नसक्ने असाधारण अधिकारक्षेत्रको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६६ साल चैत २० गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WH-००५०, बन्दी प्रत्यक्षीकरण, *रियाज खाँ वि. बेचनप्रसाद गुप्ता समेत*

एकै दिन फिराद, प्रतिउत्तर र मिलापत्र गरी नाता कायम भएको भनिएको मिलापत्रमा पनि जिल्ला अदालतले नक्कल प्रमाणित गरिदिएको कुनै व्यहोरा उल्लेख नभएको संदिग्ध फोटोकपीका आधारमा कुनै न्यायिक अवधारणा बनाउन नसकिने ।

कुनै युवतीलाई स्वघोषित रुपमा आफ्नी स्वास्नी देखाई निजका हकमा भनी पर्न आएको वस्तुनिष्ट आधारको पूर्णतया अभाव रहेको शंकास्पद विवादलाई अगाडि बढाइरहन उपयुक्त नहुने ।

इजलास अधिकृतः राजन वास्तोला

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०८१६, उत्प्रेषण, *सुरेशबहादुर शाही वि. नेपाल नागरिक उड्डयन प्राधिकरण समेत*

प्रचलित कानूनको प्रक्रिया पूरा गरी कसलाई ठेक्का दिने भन्ने कुरा ठेक्कादाताको स्वविवेकीय अधिकारको कुरा भएकोले यस्तो विषयमा अदालतले हस्तक्षेप गर्न हुँदैन भन्ने कुरालाई यस अदालतले मान्य सिद्धान्तको रुपमा अंगीकार गरी आएको परिप्रेक्ष्य समेतमा उपरोक्त आधार र कारणबाट विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु नपर्ने ।

इजलास अधिकृतः राजन बास्तोला

इति संवत् २०६६ साल चैत १ गते रोज १ शुभम् ।